# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**

**फाल्गुण पूर्णिमा**



*लुम्बिनी स्थिति तिलारनदीमा भियतनामी भिक्षु डा. लामको आयोजनामा निर्मित ३१ मिटर लम्बाई र १.३५ मिटर चौडाई सहितको पुल । सो स्थानामा धेरै बालबालिका र महिलाहरूले नदी तर्दा ज्यान गुमाउनु परेको कुरालाई महशूस गरी उहाँले यस पुल निर्माण गर्नु भएको थियो । डा. लाम हाल लुम्बिनीमा "भियतनाम लुम्बि[illegible] भूमि [illegible]" निर्माण कार्यमा व्यस्त हुनुहुन्छ ।*

DHARMAKIRTI

**वर्ष– १८ अङ्क– ११ वार्षिक रु. ६०/– मूल्य रु. ५/–**

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्। लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-सम्पादक मण्डल हुने छैन।

---

★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु। छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु।

## विषय-सूचि


| | | |
|---|---|---|
| १) बुद्ध वचन | - | १ |
| २) आजञ्ञ जातक | - प्रकाश बज्राचार्य | २ |
| ३) धम्मपद-१३६ | - रीना तुलाधर | ३ |
| ४) तल्ला जातले पकाउने, माथिल्ला जातले खाने! | - | ३ |
| ५) पञ्चदान | - बुद्धरत्न बज्राचार्य | ४ |
| ६) ज्ञानमाला भजन खलः स्वयम्भू एक चिनारी | - अमृतमान शाक्य | ६ |
| ७) धर्म देशना-३ | - ऊ ञाणीस्सर सयादो *प्रस्तोताः* विजय लक्ष्मी शाक्य | ८ |
| ८) क्षान्ति र मैत्री-२ | भिक्षु अश्वघोष - अनुदित वीर्यवती | १० |
| ९) (कविता) त्रि-शरण ... ... | - सरोज उदास | १३ |
| १०) बुद्ध धर्म ध्यान भावना | - राजा बज्राचार्य | १४ |
| ११) (कविता) मन | - भिक्षु सुशील | १६ |
| १२) पाहुनाका लागि 'सगुन' दिने गाउँलेहरू ... ... | - गजेन्द्र बुढाथोकी | १७ |
| १३) गर्वसाथ | - राजु श्रेष्ठ | १७ |
| १८) धर्मकीर्ति विहार - गतिविधि | - | १८ |
| २०) धर्म प्रचार - समाचार | - | २० |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

*A Buddhist Monthly*

**FEBRUARY, 2001**

| वर्ष- १८ | अङ्क- ११ | फागुण | पूर्णिमा २०५७ |
|---|---|---|---|




★ यो आजको कुरा होइन यो पौराणिक काल देखि नै को कुरा हो, चुप लागेर बस्नेहरूलाई पनि निन्दा गर्दछन्, धेरै बोल्नेहरूलाई पनि निन्दा गर्दछन्, थोरै बोल्नेहरूलाई पनि निन्दा गर्दछन्, तसर्थ यो लोकमा निन्दाबाट बच्ने कोही पनि छैन ।

★★★

★ आफ्नो भरोसा आफै बन, आफ्नै शरणमा जाउ अरूको शरणमा होइन, काम तिमीले नै गर्नु पर्छ, तथागत (बुद्ध) त केवल मार्ग दर्शाउनु हुन्छ ।

★★★

★ यस लोकवासीहरू धेरै अन्धा छन्, थोरैले मात्र यस लोकमा विपश्यनाको ज्ञान चक्षुद्वारा स्पष्ट देख्न सक्छन् र जालबाट मुक्त हुनसक्ने पंक्षी जस्तै थोरै मात्र दुःखबाट मुक्त हुन्छन् ।

★★★

# आजन्ञ जातक

✍ प्रकाश बज्राचार्य

बगरलाई चारैतिरबाट शत्रुका सेनाहरूले घेरीसकेका थिए। बाराणशी भित्र बस्ने जनता, सैनिक र राजा समेत व्याकुलताबाट ग्रस्त थिए। कुनै पनि बेला शत्रुका सैनिकहरू बाराणशी भित्र घुस्नसक्थे। शत्रुहरूको घेरा पनि सानोतिनो कहाँ थिए र ? पुरा सात देशका सात सैनिक टोलिहरूले सात घेरा हालेका थिए बाराणशीलाई। सात देशका राजाहरूसंग युद्ध गर्नु त स्वत: आत्महत्या गर्नु सरह थियो।

तर सबै निरुत्साहित थिएनन्। बाराणशीका एक बहादुर सैनिकले स्वघोषणा गरे, "महाराज ! मलाई कुनै अति वीर, अति उत्साही घोडा पाएमा म शत्रुका घेरालाई तोड्न सक्छु। त्यसै यहिं भित्र बसेर उनीहरूको अगाडि आत्मसमर्पण गर्नु मलाई निको छैन। महाराज, मलाई युद्ध गर्न जानु अनुमति दिनोस्।"

बाराणशीका राजा ब्रह्मदत्तले पनि अनुमति दिए। सर्वश्रेष्ठ घोडा ल्याइयो युद्धमा पठाउन। त्यो बहादुर सैनिक घोडामा चढी युद्ध गर्न भनी बाराणशीबाट निस्के।

घोडा अति बहादुर थियो, बलवान थियो, शक्तिशाली थियो। अति चर्तिकलापूर्ण थियो। बेगमा कसैले त्यसलाई उछिन्न सक्दैनथ्ये। बलमा कोही उसको अगाडि टिक्न सक्दैनथ्यो। जुन घेरामा ऊ पस्थ्यो, त्यहाँ सैनिकहरू तितर बितर हुन्थे। जुन घेरामा उनले हमला गर्थ्यो, त्यो घेरा छिन्न भिन्न हुन्थे। यसरी एक एक गरी ६ घेरा उनले छिन्न भिन्न गरे। ६ वटै घेराका राजाहरू बन्दी बनाइए। तर त्यतिबेलासम्म घोडा रक्ताम्य भइसकेको थियो। कतिपय तीरहरू शरीरमा घुसिसकेका थिए। भालाको चोट ठाउँ-ठाउँमा थिए। घोडा अति नै घायल भइसकेको देखेर बहादुर सैनिकले घोडालाई लिएर बाराणशी तर्फ फर्के।

राजद्वार बाहिर पुगेपछि सैनिकले घोडालाई फुत्काए। सातौं राजा त बाकि नै थियो समात्नलाई। तसर्थ घायल त्यो हिम्मती घोडालाई त्यहीं छाडेर अर्को घोडालाई युद्धमा लग्न तैयारी गरियो। यो देखेर त्यो घायल घोडा, जसले आफ्नो बीरताले ६ राजाका घेराहरू छिन्न भिन्न पारेका थिए, दु:खित भए। सम्पूर्ण काम सम्पन्न गर्न नसक्दै अन्तिम अवस्थामा उनलाई अभियानबाट अलग्गाइएकोले उसको चित्त दुख्यो। सैनिकलाई उनले भने, "सैनिक ! ६ राजाहरूलाई हामीले पराजित गरिसकें। अब सातौं राजा मात्रै बाकि छ। विजयको अन्तिम चरण मलाई किन अलग्याउँछौ ? म घायल छुँ। तर पनि म भित्रको साहस घायल छैन। मैले हिम्मत हारेको छैन। यति मेहनत गरी ६ घेराहरू तोडिसकें, अब अर्को घोडा लिएर गई युद्ध गर्दा केही गरी सातौं शत्रुको हातबाट हामी पराजित हुनुपर्‍यो भने हाम्रो सबै मेहनत खेर जानेछ। तसर्थ ममा विश्वास गर्नुस्। जसरी ६ राजाहरूलाई हामीले हराएँ, त्यसरी नै सातौंलाई पनि हराउनेछौं। सातौंलाई नहराइकन म मर्ने छैन, त्यो म वचन दिन्छु।"

सैनिकलाई हो जस्तो लाग्यो। आखिर त्यो जस्तो अदम्य साहसी घोडा अर्को पाउन कठिनै थियो। सो उनले त्यही घायल घोडामाथि चढी सातौं राजालाई बन्दी बनाउन लम्के। यसपल्ट पनि उनीहरूले विजय हासिल गरे।

सातौं राजालाई बन्दी बनाई ब्रह्मदत्त राजाको अगाडि ल्याइयो। राजा र प्रजा सबै हर्षित थिए। घोडाको प्रशंसा गर्दै थिए। मरणावस्थामा पुगिसकेको सो घोडाले रालाई भने, "राजन् ! म त अब मर्छु नै। तर मेरो एक बिन्ती छ। यी राजाहरूलाई नमारिबक्सियोस्। बरु यिनीहरूसंग सन्धि गरी मित्रता कायम गरि बक्सियोस्। शान्ति र मित्रता कायम भएमा फेरी फेरी बाराणशीलाई हमला गर्ने डर रहँदैन। तपाइँ पनि शील र सदाचारी रही राज्य चलाउँदै गर्नोस्।"

यति भनी त्यो अदम्य साहसि घोडाले आफ्नो प्राण त्यागे। अभियान पुरा भयो।

× × ×

**यो जातक कथा भगवान् बुद्धले एक अल्सि भिक्षुलाई साहसित तुल्याउन बताउनु भएको थियो। यसमा घोडा हुने स्वयं बोधिसत्व थिए।** ■



Downloaded from http://www.dhamma.digital

# धम्मपद–१३६

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**अत्तदत्थं परत्थेन – बहुनापि न हापये**
**अत्तदत्थ म भिञ्ञाय – सदत्थपसुतो सिया**

अर्थ- अरुलाई लाभ गराउनको निम्ति आफूलाई प्राप्त हुने उत्तम लाभलाई धेरै हानी गर्नु हुँदैन। आफूलाई लाभ हुने थाहा पाएर हरबखत सत्कार्यमा लाग्नुपर्छ।

घटना- उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बास गरीरहनु भएको बेला अत्तदत्थ स्थविरको कारणमा भन्नु भएको थियो।

भगवान बुद्धले चार महिनापछि परिनिर्वाण हुनेछु भनेर घोषणा गर्नु भएपछि पृथग्जन (अज्ञानी) भिक्षुहरूले मनमा दुःख मानी अब हामी के गरौं, कसो गरौं भनी सल्लाह गर्दै हिँडी रहे। धेरै पृथग्जन भिक्षुहरू भगवान बुद्धको पछि पछि लागी अब हामीले के गर्नु पर्‍यो भन्दै सर-सल्लाह गर्दै हिँडे। अत्तदत्थ स्थविर एकजनाले मात्रै यसरी चिन्तना गरी रहे "भगवान शास्ता परिनिर्वाण हुन लाग्नु भएको छ। म भने अझै क्लेश सहित पृथगजन छु। वीतराग भई अरहन्त हुन सकेको छैन। शास्ता जीवित छँदै नै मैले अरहन्त हुने उद्योग गर्नु पर्‍यो।" यस्तो विचारले उनले अरहत मार्ग फल प्राप्त गर्ने उद्देश्यले खूब लगनका साथ ध्यान भावनाको अभ्यास गरीरहे। अत्तदत्थ स्थविरको यो उत्तम विचारलाई बुझ्न नसकेर अरु भिक्षुहरूले उनलाई- "हामीभने यसरी तथागतको परिनिर्वाणको बारेमा चिन्तना गरेर सल्ला साहुति गर्दैछौं। तिमी भने हाम्रो सर-सल्लाहमा सरीक भएनौ।" भनेर आरोप लगाएर उनलाई भगवान बुद्धकहाँ लगेर सबै कुरा बिन्ति चढाए "भो शास्ता यी अत्तदत्थ भिक्षुले भगवान बुद्धमाथि कुनै स्नेह र आदर नगरीकन आफैमा व्यस्त छ।" भगवान बुद्धले थाहा नपाए जस्तै गरेर "के यस्तो हो" भनेर सोध्नु भयो। अत्तदत्थ स्थविरले भगवान बुद्ध जीवित छँदै अरहत्व प्राप्त गर्न प्रयास गरीरहेको कुरा बिन्ति चढाए। भगवान बुद्धले उनलाई साधुकार दिँदै अरु भिक्षुहरूलाई भन्नु भयो - "भिक्षुहरू हो! जसले ममाथि स्नेह र श्रद्धा राख्दछ उसले अत्तदत्थ स्थविरले जस्तै गर्नुपर्छ। तिमीहरूले मकहाँ आएर भेटदैमा, मलाई फूल सुगन्ध, धूप चढाउँदैमा मलाई सत्कार गरेको ठहरिँदैन। मैले सिकाएको धर्म अर्थात लोकुत्तर धर्मको अभ्यास गर्‍यौ भने नै साँच्चै मलाई सत्कार गरेको ठहरिने छ।" यसरी धर्म देशना दिएर भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो।

धर्मदेशनाको अन्तमा अत्तदत्थ स्थविरले अरहत्व प्राप्त गरे। ■

*यो पनि जान्न लायकको समाचार हो ... ...*

**तल्ला जातले पकाउने, माथिल्ला जातले खाने!**

अर्घाखाँची, १६ माघ (कास) - जिल्लाका पाँच इलाकामा तल्ला जातका मानिसले पकाउने तथा माथिल्ला जातका मानिसले खाने सह-भोजको आयोजना गरिने भएको छ।

जिल्लाको ३,४,५,६ र ११ इलाकामा हालै भएको गोष्ठीमा उक्त भोज गर्ने निर्णय गरी सम्बन्धित सबै गाविसलाई समेत जानकारी गराइसकेको जिल्ला विकास समितिको कार्यालय अर्घाखाँचीबाट थाहा भएको छ।

कामी, दमाई, सार्की जस्ता समाजमा विपन्न तथा अछुतो मानिएका जातका मानिसले आयोजना गर्ने उक्त भोजमा बाहुन, क्षेत्री र नेवार जस्ता उपल्ला जातका मानिसले आफ्नो इच्छा अनुसार उक्त भोजमा भाग लिन पाउने जिविस सभापति पीताम्बर भुसाल बताउनु हुन्छ। यसरी इलाकास्तरीय गोष्ठीमा सह-भोज गर्ने निर्णय गरिए तापनि सम्बन्धित गाविसले उक्त भोजको आयोजना गर्न अप्ठ्यारो पर्ने बताएका छन्।

भोज गर्दा करकापमा पारी भोजमा सहभागी नबनाउने तर निमन्त्रणा भने गरिने दलित जातिहरू बताउँछन्। यस्ता भोजको आयोजना गर्ने भनेपछि जिल्लाका दलितजातिहरू हर्षित भए तापनि कति धार्मिक कट्टरवादीहरू भने आक्रोशित देखिएका छन्।

यस्ता भोजमा सबभन्दा पहिले म नै गएर खान्छु, अरुले पनि चेतना बढाउनसक्नु पर्दछ, यो कार्यक्रमलाई जिल्लाव्यापी रुपमा अगाडि बढाइने छ- सभापति पिताम्बर भूसालले कान्तिपुरलाई बताउनुभयो।

*साभार : कान्तिपुर*

# पञ्चदान

✍ बुद्धरत्न बज्राचार्य

**सर्व बुद्धं नमस्यामि, धर्मञ्च जिन भाषितं**
**संघञ्च शील सम्पन्नं, रत्नत्रयं नमस्तुते**

सकल बुद्धलाई नमस्कार, बुद्धद्वारा अभिव्यक्त भएका धर्म ज्ञानलाई नमस्कार, शीलले सम्पन्न हुनु भएका बुद्धको पुद्गल संघलाई पनि नमस्कार । यी तीनवटा रत्नहरूलाई म सधैं शिरोपर गर्दछु ।

विराटनगर - ३ निवासी श्री सत्यनारायण ताम्राकारजीले पञ्चदानको विषयमा आफ्नो जिज्ञासाको रुपमा प्रस्तुत गरेर पठाउनु भएका प्रश्नहरूको उत्तरलाई मेरो अध्ययन अनुसार छोटकरीमा यसरी प्रस्तुत गर्दैछु । प्रश्न यसरी थिए-

पञ्चदानको शुरुवात कहिले भएको हो ? यस दानको महत्त्वपूर्ण विषयवस्तुहरू के के हुन् ? यो दानबाट के पुण्य प्राप्त हुन्छ ?

उत्तर- पञ्चदानको शुरुवाट यसरी भएको वताइएको छ - दीपावती नगरका सर्वानन्द राजा र धर्मावती रानीले शुद्ध चित्तले युक्त भई आफ्ना राजदरबार भित्र नै दानशाला बनाई श्री दीपङ्कर बुद्ध प्रमुख ८० हजार भिक्षुसंघलाई प्रतिदिन पञ्चदान दिई दान प्रदान गर्नुभयो । यसरी आषाढ पूर्णिमा सम्म पञ्चदान दिएर दान कार्य सुसम्पन्न गर्नुभयो ।

राजा सर्वानन्दको त्याग चित्तको प्रशंसा गर्नुहुँदै र आशिर्वाद दिनुहुँदै दीपङ्कर बुद्धले दान गाथा आज्ञा हुनुभयो ।

यसरी सर्वप्रथम पञ्चदानको शुरुवाट भयो । श्री दीपङ्कर बुद्धको पाला देखि नै पञ्चदानको निरन्तरता चल्दै आएको कुरा बताइएको छ ।

यस पञ्चदान कार्यक्रम काठमाडौं, भक्तपुर र ललितपुरमा मात्र होइन, ठिमी, कीर्तिपुर आदि स्थानहरूका बौद्धहरूले पनि दानशाला बनाउँदै संचालन गर्दै आइरहेको बुझिन्छ । तर ललितपुरको पञ्चदान अलग्गै खालको छ । विशेष गरी ललितपुरको यल पञ्चदान राजनैतिक विभाजनको कारणले उत्पीदन भएको भान हुन्छ । यसको लागि छुट्टै विशेष प्रकारको बौद्ध गाथा र बौद्ध श्लोक वर्णन भएको देखिदैन ।

पञ्चदान कार्य सफल पार्नको लागि यी विशेष तत्त्वहरू समावेश हुनु अत्यावश्यक देखिन्छ ।

१) श्रद्धा २) आर्थिक क्षमता ३) त्याग भावना ४) अन्य व्यक्तिहरूको सहभागिता ५) सहनशीलता ६) उचित व्यवस्था ७) उचित प्रबन्ध ८) औपचारिकता ।

यस बाहेक विघ्न वाधाहरू र अड्चनको सामना गर्नको लागि चनाखो पनि हुनुपर्छ ।

विशेष गरी पाँच किसिमका दानलाई पञ्चदान भन्ने चलन छ ।

१) पूजा २) भोजन ३) पान ४) औषधी ५) दिनहुँ प्रयोग गर्नको लागि आवश्यक सरसामानहरू

१) पूजा - (क) पुष्प (ख) धूप (ग) दीप (घ) गन्ध (ङ) रस
२) भोजन - धान, गहुँ, भोजन, क्वाती, केराऊ, मास, पिंडालु, करकलो, मुला, भुटेको गहुँको पीठो, रोटी (विभिन्न प्रकारको) आदि ।
३) पान - सक्खरको सरवत, फलफुल, पञ्चामृत आदि ।
४) औषधी - हर्रो, अमला, नून, तेल ।
५) दिनहुँ प्रयोग गर्नको लागि आवश्यक सरसामानहरू- सियो, धागो, डोरी, कुचो, सेतो कपडा, काषाय वस्त्र, आशन, खरी, दतिवन, आदि ।

## पञ्चदान ग्रहण गर्ने व्यक्तिहरू

हालसम्म बज्राचार्य, शाक्य भिक्षुहरूको सर्वसंघलाई पञ्चदान दिने प्रचलन छ । प्रव्रज्या सम्बर अभिषेक प्राप्त नगरेका व्यक्तिहरूले यस प्रकारको पञ्चदान ग्रहण गर्न आउँदैनन् । यस सन्दर्भमा विशेष गरी बज्राचार्य, शाक्य भिक्षु, श्रामणेर आदि वर्गका ससाना उमेरका वालकहरूले पनि प्रव्रज्या ग्रहण गर्छन् । यस कार्यलाई बरे छुइगु भन्ने गरिन्छ । यिनीहरूले ४ दिन सम्म प्रव्रज्या भावमा बसी पिण्डाचरण गर्नुपर्छ । दशशील पालन गर्नुपर्छ । चारदिन पछि ग्रहस्थाश्रममा फर्कनु अघि पुन: त्रीरत्न (बुद्ध, धर्म र संघलाई) श्रद्धा भावले वन्दना र पूजा गरी आफ्ना आचार्यसंग गृहस्थारम्भ हुनलाई याचना गर्नुपर्छ । पञ्चशील पालन गरी गृहस्थ जीवन यापनको लागि बार बार याचना गरिसकेपछि मात्र गृहस्थारम्भ गराइन्छ । त्यसपछि गृहजीवन बिताएर पनि बुद्धको धर्मोपदेश आदि प्रचार प्रसार गर्ने र आचार्याभिषेकको याचना पनि गर्नेछ । आचार्याभिषेक प्रदान गर्ने प्रचलन अद्यापि आ-आफ्नो विहारमा भइरहकै छ । यसरी आचार्याभिषेक प्राप्त गर्ने व्यक्तिले मात्र बौद्ध कर्मकाण्ड पूजा आजा, बौद्ध सँस्कृती संस्कारको आरक्षण संरक्षण गराउने दायित्त्व प्रदान गरिएको व्यक्ति सम्झनुपर्छ । बज्राचार्य गुरुजुहरू पनि पञ्चशील पालन गरी आफ्ना उपासकोपासिकाहरूको गृहस्थ जीवनमा आइपरेका कठिनाई, दु:ख दौर्मनस्य पीर मर्का आदिबाट



Downloaded from http://www.dhamma.digital

मुक्त गराउन हरसम्भव प्रयत्नरत हुन्छन् । आफ्ना जजमानहरूलाई आइपर्ने विभिन्न भय, उपद्रव आपद विपदहरू हटेर जावस् भनी मैत्री चित्त राख्ने गर्छन् । यस्तो मैत्री भावनाको उद्‌गार व्यक्त गरी रहने बज्राचार्यहरू अहिले पनि नभएका होइनन् । विशेष गरी बज्राचार्यहरू आ-आफ्ना कुलानुसारको दीक्षा पंचाभिषेक प्राप्त गरी सकेपछि, उनीहरू पूर्व सेवा पूजामा लाग्छन् । यस पूजा र ध्यान एवं योग भावनाबाट सिद्धि प्राप्त गरी सर्व प्रकारं जगतो हिताय कार्यमा लाग्छन् । यस्ता व्यक्तित्वलाई पूजा आजामा आचार्य गुरुको रुपमा मान्यता दिई आएकोले पञ्चदानमा पनि सर्वप्रथम पञ्च बुद्धको रुपमा पञ्चदान दिने कार्य गरिन्छ ।

**पञ्चदानको शुभारम्भ कसरी गरिन्छ ?**

सर्वप्रथम गुरु मण्डलोचन पूजा गरिन्छ । त्यसपछि शुभ मुहूर्तको साइतमा स्वयम्भू भगवानको प्रतिमा अगाडि उभिएर दानपत्र पढ्ने गरिन्छ । अनि प्रमुख व्यवस्थापक (कजी) ले दानशालाको दैलो उघारिदिनासाथ उनले सबभन्दा पहिले जसलाई छोइन्छ, उसको खुट्टाको बुढी औंला समाती राख्नुपर्छ, छोड्नु हुन्न । त्यसपछि उसलाई जात्रा सम्मान गरी भित्र्याइन्छ । उसलाई पुष्पादिले पूजा गरी मूलाचार्यको आशन ग्रहण गराइन्छ । त्यसपछि उपाध्याय-१, कर्माचार्य-१, थ्याः गुरुजु-२ समेत गरी जम्मा ५ जवान व्यक्तिहरूलाई पञ्चबुद्धको पञ्चरंगी वस्त्र पहिराइदिन्छ । पादा अर्घ र रत्नमुकुट वा उध्वा टोपी लगाउने काम हुन्छ । पञ्चोपचार पूजा अनुसार ती पाँच व्यक्तिहरूलाई नै पूजा गरिन्छ । मूलाचार्य गुरुलाई घर, खेत, चन्द्र सूर्य, आत्म जिम्बु, पेटी, चुल्या, कंकन, वेताचि, आदि सवै आवश्यक वस्तुहरू दान प्रदान गरिन्छन् । यति दान कार्यको आरम्भ पछि अगाडि बसिरहेका बज्राचार्य, शाक्य भिक्षुहरूलाई दान शालाबाट दान दिने कार्यको निरन्तरता चलिरहन्छ । मूलाचार्य गुरुलाई बाजा गाजा बजाई छत्र ध्वजा पटाका आदिबाट सम्मान गरी पदयात्राबाट उहाँको गृहस्थाश्रम सम्म पुऱ्याई आशिवार्द लिई फर्कने चलन छ । यसरी पञ्चदानको कार्य बेलुकीको दोश्रो प्रहर सम्म चलिरहन्छ । यस दान कार्यमा अन्य श्रद्धालु भक्तजनहरू आएर पनि दानशालाको आसपासमा बसी स्वेच्छापूर्वक दान दिन सक्छन् । यसमा कसैलाई रोकावट हुँदैन । दोश्रो प्रहरको अन्त्यमा फुबरे (अन्तिम भिक्षु) सुकुन्दा बत्ति बालेर दानशालामा भिक्षाचरण गर्न आइन्छ । उनलाई दान दिएपछि दानशालाको ढोका बन्द गरिन्छ । भित्र पञ्चोपचार पूजा गरी सम्वन्धित सबैले क्षीर प्रशाद ग्रहण गरेपछि पञ्चदान कार्य सम्पन्न भएको मानिन्छ ।

पञ्चदानबाट के पुण्य प्राप्त हुँदोरहेछ भन्ने विषयलाई बुझ्ने हो भने भगवान शाक्यमुनि बुद्धले भन्नु भएको शिक्षालाई बुझ्न आवश्यक देखिन्छ । उहाँले यसरी भन्नु भएको छ, राम्रो काम गरे राम्रै फल प्राप्त हुन्छ नराम्रो काम गरे नराम्रै फल प्राप्त हुन्छ ।

**"नप्रणश्यन्ति कर्माणि, कल्पकोटि शेतेरपि**
**सामग्री प्राप्य कालंच, फलन्ति खलुदिहिनाम् ।**

"आफूले गरेको कर्म सयौं कल्पकोटि नै बितेर गएपनि नाश हुँदैन । समय काल आएपछि कर्मको फल अवश्य भोग्नै पर्ने हुन्छ ।"

यसरी नै उहाँले दान पुण्य र धर्माचरणको प्रभावले कल्पानकल्प कोटि वितिसक्दा पनि शुभ कार्यको फलस्वरूप सुख नै भोग्न पाएको विभिन्न घटनाहरू उदाहरणको रुपमा प्रस्तुत गर्नु भएको छ ।

माथि उल्लेखित विवरणहरू पुराना बौद्ध आख्यान व्याख्यान पुस्तकहरूसंग सम्वन्धित छन् । ती मध्ये पनि विशेष गरी "पञ्चदान" कार्य पर्वमा प्रकाशित पुस्तककै आधारबाट अनुवाद गरिएका छन् भने कुनै यथावत् दिएका छन् । पुज्यवर श्री सत्वतारावज्र बज्राचार्यज्यू को श्रद्धाबाट गरिएको "पञ्चदान" कार्यको उपलक्षमा गुरुवर श्री बद्रीरत्न बज्राचार्यज्यूद्वारा सम्पादन गरिएको पुस्तकको यथावतता लेखेको छु । यसमा त्रुतीहरू हुनसक्छन् । कुनै अपुग वा भूल हुन गएमा पाठकबर्गहरू प्रति क्षमा याचना गर्दछु ।

**दानं ददन्तु सद्धाय, सीलं रक्खन्तु सब्बदा**
**भावना भिरता होन्तु, गच्छन्तु देवता गता**

(श्रद्धापूर्वक दान दिइनुपर्छ, शीलको आरक्षा गरिनु पर्छ । असल कार्यमा भावनामा प्रसन्न भइरहनु पर्छ । धर्मश्रवणार्थ आउनु भएका देवताहरू अब फर्कनु भएपनि हुन्छ ।)

**दानञ्च धम्म चरिया च ञातकानञ्च सङ्गहो**
**अनवज्जानि कम्मानि एतं मंगल मुत्तमं**

(दान दिनु धर्माचरण गर्नु, नाताकुटुम्बहरूको सम्मान गर्नु, निर्दोष काम गर्नु पनि उत्तम मंगल हो ।)

**दानं विभूषणं लोके, दानं दुर्गति निवारणम्**
**दानं स्वर्गस्य सोपानं दानं शान्तिकरं शुभम्**

दानद्वारा लोकमा आभूषणयुक्त व्यक्तित्व पाउँछ, दानद्वारा नै दूर्गतिं निवारण हुन्छ, दानद्वारा नै स्वर्गमा पाइने जस्तै सुखभोग पाइन्छ । दानद्वारा नै यो लोकमा शान्ति ल्याउन सकिन्छ ।

उपरोक्त बुद्धबचनलाई शिरोपर गरी सबैले पालना गर्न सकोस् र यसको प्रभावले सबैलाई मंगल भइरहोस् । ■

# ज्ञानमाला भजन खलः स्वयम्भू एक चिनारी

✍ **अमृतमान शाक्य** 'इतुंवहा' यँ

मन्दिर, देवालय परिसर सतलमा दिनहुं बिहान बेलुका दुई चार जना बुढापाकाहरू हारमोनियम, तबला, झ्यालि र अन्य तालसुर बजाएर आ-आफ्नै सुरमा भजन गाउँदै आइरहेको हामी देख्दै आइरहेका छौं । यी भजनहरू धेरै वर्ष अगि देखि चल्दै आइरहेका हुन् यी भजनहरू ठाउँ पिच्छे गाईन्छ, कहिँ गणेशको गाइन्छ, कहिँ शिव भजन कहिँ नारायणको, भगवति र अन्य देव देवीको भजन गाइन्छ ।

काठमाडौंको स्वयम्भू डांडामा पनि सतलमा बसेर दाफा भजन गाइन्छ । दाफा भजनलाई सवै भन्दा पुरानो भनिन्छ, यी दाफा भजनमा राग हालेर भजन गाइन्छ । यी भजन गाउँदा दाफा, खिं बाजा मात्रै बजाइन्छ, दाफा खिं बजाउन र राग गाउन सजिलो छैन मान्छेहरूले सजिलो बाटो रोज्दै जान थाले यसै क्रममा हारमोनियम, झ्यालि, कर्ताल, तबला, मादल, ढोलक र किवोर्ड आदि नयां ढाचाको वाद्यसामग्रीहरू प्रयोग गरी भजन गाउने गर्दै आए ।

त्यस्तै नेपालभाषामा गाउने बुद्धधर्म सम्बन्धी ज्ञानमाला भजनमा भने शान्ति र जन जागरणका भजन मात्र गाइन्छ ।

ति भजनका गीतहरू भिक्षुहरू र अन्य लेखक महानुभावहरूले लेख्नथाले र भिक्षु अमृतानन्द र धम्मालोकले १९९४ सालमा यस भजनलाई बौद्ध भजन ज्ञानमाला नामाकरण गरियो । भिक्षु प्रज्ञाभिवंसको नाउँबाट ज्ञानमाला भजनका किताब पहिलो पल्ट नेपालभाषामा कुशीनगरको कसिया माथा कुंवर भनिने ठाउंमा छापेर उपत्यका भित्र ल्याए । यही भजन माला कहलियो । दिन दिनै बिहान स्वयम्भू स्थलमा गरिने हुनाले यसको नाउँ ज्ञानमाला भजन खल: स्वयम्भू रह्यो । ज्ञानमाला भजनको जन्म प्रादुर्भाव यसरी भएको, यस भजनमा सहभागी हुने व्यक्तिहरू संयुक्त रूपले ज्ञानमाला भजन खल: कहलिए । यसरी एकातिर ज्ञानमाला भजन खल:को संगठन दिनानु दिन बढ्दै थियो भने अर्को तिर श्रामणेरहरू पनि धमाधम बढ्दै गयो विशेष गरेर पढेलेखेका युवावर्ग बौद्ध विचारहरूको वैज्ञानिकता प्रति आकृष्ट भए, फल स्वरूप ज्ञानमाला भजनले लोक प्रियता प्राप्त गरियो, यसमा झन झन मानिसहरू बढी संख्यामा सहभागी बने त्यस्तै सम्बत २००० सालमा ठूलो संख्यामा मानिसहरू ज्ञानमाला भजनबाट प्रभावित भएर किम्डोल विहार, आनन्दकुटी विहारहरूमा हुने बुद्ध पुजा, पर्वहरूका अवसरमा बढी संख्यामा मानिसहरू जम्मा हुन थाल्यो । यसरी धेरै संख्यामा मानिसहरू एकै ठाउंमा भेला हुने स्थिति राणा सरकारलाई मन परेन, राणा सरकारको बाङ्गो विचारधाराले तिनताक भएका भिक्षुहरूलाई देशनिकाला गरियो । १९९७ सालमा चार जनालाई शहीद बनाएबाट रिसाइ रहेका जनताले सम्बत २००१ सालमा भिक्षुहरूलाई देश निकाला गरिएको रीसले उत्तेजित भएका भजनियांहरूले राणा सरकारलाई चुनौति दिने गरि स्वयम्भू देखि केलटोल सम्म मानिसहरू भजन गाउँदै गए । यस्ता गतिविधि र यसप्रति जन सहयोगको स्थिति देखेर राणा सरकारले कस्तो प्रतिक्रिया जनायो थाहा पाइएन एकजना प्रहरी कर्मचारी हाकिमले यसलाई निमिट्यान्न पार्न भरमग्दुर कुचेष्टा गरे । उनले राणाशासकहरू समक्ष ज्ञानमाला भजनको बारेमा भए नभएको चुक्ली लगाए, त्यस्तै एक दिन सांझ असनको खुला ठाउंमा आयोजना गरिएको ज्ञानमाला भजनमा हजारौं मानिसहरू भेलाभए भजनका सहभागिहरूको सुरीलो समूह गाएनको गडगडाहतले बेलुका अवेर सम्म असनको इलाका र आकाश गुन्जि रह्यो । भजन देखि चिढिएका राणा सरकारकार समर्थकहरूले एक पल्ट कात्तिकको एका विहान उपयुक्त प्रहरी हाकिम चन्द्र बहादुर थापा आफ्नो दलबल सहित स्वयम्भू डांडा स्थित भजन सतलमा छापा मार्न आए । उनले भेट्याए जति ज्ञानमाला भजन पुस्तकका प्रतिहरू बरामद गरे, भजनियांहरूलाई त्यसैदिन उनको कार्यालय सदर प्रहरीथानामा हाजिर हुन आउनु भन्ने आदेश दिए ।

तदनुसार ठानामा हाजिर हुन गएका ज्ञानमाला भजनका भजनियांहरू माथि प्रहरी हाकिमले सरकारी अड्डाबाट पास नभएको नेवारीभाषाको किताब ज्ञानमाला प्रचार गरि रहेको, त्यसैबाट भजन गरिरहेको, नेपाली भाषालाई "भन्याको" "गर्याको" भनेर गिज्याएको आदि लान्छना लगाउँदै मुद्दा चलाए ।




Downloaded from http://www.dhamma.digital

यसरी भजनियांहरूले एकवर्षसम्म मुद्दा खेप्दै तारिखमा कहिले कहां कहिले कहां धाइ रहनु पर्यो, आखिर सम्बत २००३ साल फागुण ४ गते श्री ३ महाराजा पद्म शमशेरको इजलासबाट गरिएको फैसला अनुशार ज्ञानमाला भजन केवल धार्मिक कार्यकलाप मात्र भएकोले यसलाई सरकारी मान्यता प्राप्त भयो, त्यस्तै ज्ञानमालाको किताब नेपाल भाषामा लेखिएको र विदेशमा छापेर ल्याएको भएपनि राजनैतिक नभई धार्मिक मात्र भएको वैध ठहरियो । नेपालभाषाका किताबहरू पनि सरकारी अड्डाले पास गर्ने व्यवस्था भैसकेकोले तदुपरान्त ज्ञानमालाको किताब देश भित्रै छाप्न र प्रकाशित गर्न पाइने भयो, इच्छा हुने जोसुकैले बौद्ध धर्म ग्रहण गर्नमा कानूनीबाधा रहेन, ज्ञानमाला भजनका भजनियांहरूले कुनै दण्ड, सजायं नभोगिकन छुटकारा पाए ।

यसरी ज्ञानमाला भजनलाई सरकारी मान्यता प्राप्त भएपछि भएको दिनानुदिन प्रगति गर्ने बाटो खुल्यो, नवयुवक युवतीहरू धेरे संख्यामा भजन खल:का सदश्य बन्न आए, ज्ञानमाला भजनलाई टोल टोलमा बोलाएर भजन गराइयो । ज्ञानमालाको किताब धमाधम छापिएर पनि नपुग्ने भैरह्यो, धेरै संस्करण छापिए । यस भजनका सदश्यहरू टोल पिच्छे भने जस्तो बने । काठमाडौं बाहिर देखि बाहिर पनि भजन खल:हरू गठन गरिए । यो संगठन अहिले सम्म अधिराज्य भरि सत्तरी (७०) वटा सम्म थियो ज्ञानमाला भजन खल:ले भजन गाउंदागाउंदै रचनात्मक कामहरू गर्न थाले सवभन्दा पहिला सं. २००३-४ साल ताका नै स्वयम्भू स्थल डांडामा फोहर मैला हटाउने, सरसफाई प्रति सचेत गराउने र स्वयम्भू इलाकामा कतै फोहर नगर्ने नगराउने चेतना गरेका थिए ।

२००८ सालमा भएको तत्कालिन बनमन्त्रीलाई समेत सरिक गराई ६०० वटा रुख रोपिने काम सम्पन्न गरियो । यसरी ज्ञानमाला भजन खल:को तत्वावधानमा स्वयम्भू डांडामा रुखहरू रोपेको कार्यक्रमनै हाम्रो देशमा मनाइएको पहिलो वृक्षारोपण वन महोत्सव थियो । यसपछी मात्र वनविभागले बर्षेनि ठाउं ठाउंमा नियमित बन महोत्सव मनाउने गरेको हो । एवंरीतले ज्ञानमाला भजनले स्वयम्भू डांडाको फेड वरिपरि बाटो साङघुरो भएकोले नित्यपरिक्रमा गर्न आउने भक्तजनहरूको निमित्त पैदल हिंड्न र सवारी चलाउन निकै अप्ठेरो भइरहेको थियो । यस कठिनाईलाई ध्यानमा राखी भजन खल:ले स्वयम सेवा र चन्दा संकलन गरी बाटो केही चौडा बनाएको थियो, जसलाई श्री ५ को सरकारको तर्फबाट पिच गरियो । ज्ञानमाला भजन प्रति जनचासो बढ्दै गयो र पछि २०१८ सालताका काठमाडौं भरिको विहार र चैत्यपूजाको आयोजना गर्दै पाटन, भक्तपुरको विहारहरूमा गई बुद्ध पुजा गर्दै आइरहेको थियो, त्यसको पांच वर्ष पछि तुङग्याएर भारतको बौद्ध तिर्थस्थलको भ्रमण गरेर मैत्री सम्वन्ध बढायो । भारतका राष्ट्रपति र प्रधानमन्त्रि जस्ता नेताहरूसित समेत भेटघाट गराएको थियो, ज्ञानमाला भजन प्रति भारतीय मित्रहरू पनि आकर्षित भए भारतीय राजदुत, र दुतावासका अन्य पदाधिकारीहरूको पनि ज्ञानमाला भजन सुन्नमा अभिरुचि लिन लागे । फेरि मित्रराष्ट्र जर्मनका राष्ट्रपति प्रा. रोमन हर्जोगको नेपाल भ्रमणको अवसरमा स्वयम्भूको डांडामा आई पुग्नु हुंदा खेरी भजन सतलमा उहांलाई अभिनन्दन गरी ज्ञानमाला भजन सुनाएर गौरवान्वित गरिएको थियो ।

यसरी ज्ञानमाला भजन खल:ले अन्य देशको राजनेता र अन्य विशिष्ट व्यक्तिहरूलाई स्वयम्भू डांडाको भजन सतलमा स्वागत गरेर भजन सुनाउने प्रथा जारी राखेका थिए । *क्रमश :*



# धर्म देशना–३

✍ ऊ ञाणीस्सर सयादो
*प्रस्तोता–* **विजय लक्ष्मी शाक्य**, *इतुम्वहाल*

**नवौं धर्म देशनाः**

## उपदेशको सार तत्व

एक जना भिक्षुले सारिपुत्र महास्थवीर जस्तो ध्यान विधि, अभिधर्मको धुरन्धर विद्वान, प्राज्ञले युक्त व्यक्ति भएको हुनाले उहाँबाट उपदेश सुन्न चाहेर अनुरोध गरे। त्यो भिक्षुलाई १८ प्रकारका धातुको विषयमा विश्लेषण गरिदिंदा अभ्यास गर्न नसक्ने विचार गरी अर्को पूर्ण नाम गरेको स्थवीर कहाँ गए । उहाँले १२ वटा आयतनको विषयमा चर्चा परिचर्चा गरिदिए पछि त्यो पनि धेरै भयो भनी गाऱ्हो मानि आनन्द स्थवीर कहाँ गए। उहाँले पनि पञ्च स्कन्धको विषयमा उपदेश दिनु भयो । त्यो पनि नसकेर अर्को भिक्षु कहाँ गई अनुरोध गरे। उहाँले दुइवटा विषय नाम र रुपको बारे उपदेश दिए। त्यो पनि गाह्रो भयो भनी बुद्ध कहाँ गएर संक्षिप्त उपदेशको लागि भगवानसंग प्रार्थना गरे । उहाँले कहाँ कहाँ गएर आयौ भन्दा सवै वृतान्त सुनाए। भगवान बुद्धले उसको आशय बुझेर के तिमीले एक विषयलाई लिएर ध्यान गर्न सक्छौ ? भनेर सोध्नु भयो। उसको उत्तर सकारात्मक भएको हुँदा एउटा चित्तको मात्र ध्यान गरी चित्तलाई वसमा राख भनेर उपदेश दिनु भयो। उ खुशी भयो।

चित्तको स्वभाव बडो विचित्रको छ, यसको आधार, प्रकार हैन, द्रब्य पदार्थ पनि हैन, यहाँ बसेर टाढा टाढा सम्म पुग्न सक्छ, हृदय वस्तुलाई आधार बनाएर चित्त बस्दछ। जुन भिक्षुले संयम गर्न सक्छ त्यो भिक्षु काम विषय, बन्धन क्लेसबन्धनबाट पनि मुक्त हुन सक्छ भनेर उपदेश दिनु भयो। बुद्धले भन्नु भयो हे भिक्षु! चित्त देख्न गाह्रो र सुक्ष्म पनि छ। ६ प्रकारका विषयमा आलम्बन भएकोमा झर्ने बानी छ । प्रज्ञावान सत् पुरुषद्वारा रक्षा तथा संरक्षण पाएको चित्तले दुःख, क्लेशलाई हटाउन सक्छ । यो चित्त जंगलबाट आएर शहरमा बस्न लागेको मृग, शहरको बीचमा थर थर काम्ने जस्तै हुन्छ र ६ वटा आलम्बनसंग सम्पर्क हुँदा कम्पायमान हुन्छ। कहिले पनि चुपचाप बस्न सक्दैन। जंगलको बाँदर जस्तै हात मुख भरी खाना राखेर पनि एक रुखबाट अर्कोमा उफ्रंदै, सदैव चन्चल भइ रहे जस्तै हुन्छ। वेगले दौडेको घोडालाई एक्कासी रोक्न सकिदैन र विस्तारै रोक्नु पर्ने हुन्छ। यसलाई पनि सत्पुरुष, ज्ञानी मेधावीले बाङ्गिएको बाणलाई सोझ्याएर मात्र हाने जस्तै गरी गरेमा मात्र चित्त सोझो हुन्छ।

भिक्षुले निवेदन गऱ्यो कि यस्तो चित्तलाई कसरी बसमा राखेमा थम्याउन सकिन्छ। भगवान बुद्ध भन्नु हुन्छ गोही जमीनमूनी गढा खनेर बाहिर भित्र आउन जानको लागि ५,६ वटा प्वालहरू पारेर बस्छ। त्यो जनावरलाई समात्न चाहेमा सवै प्वाल थुनेर एउटा मात्र प्वालबाट समाउने गरेमा सजिलो हुन्छ । त्यस्तै शरीरमा पनि चक्षुद्वार, श्रोत द्वार, जिब्हा द्वार, घ्रान द्वार, कायद्वार र मन द्वार, चित्तनिस्कने प्वालहरू हुन्। पाँचद्वारहरूलाई थुनेर मनोद्वारलाई मात्र खोल्नु पर्दछ । स्मृतिले नै मनलाई समाउन सक्यो भने सफल हुने छौ भनेर आज्ञा हुनु भयो । त्यस्तै चन्चल चपल चित्तलाई वीर्य र स्मृति मानसिक शक्ति प्रयोग गरेर काबुमा लिनु पर्दछ भनेर भगवानले भन्नु भयो। कोही पनि सेनापतिले हजार सैनिक माथि विजय प्राप्त गरे पनि साँचैको विजय त आफै माथि प्राप्त गर्नु हो भनेर भन्नुभयो। आफैमाथि विजय प्राप्त गर्न नसकेमा शोकले अभिभूत हुनु पर्ने हुन्छ भनेर भन्नुभयो । अशोक महाराजको उदाहरण दिएर भन्नु भयो । जसको नाम अशोक थियो उही शोकले ग्रसित थिए। नेपोलियनले यूरोपमाथि सफलता पायो तर आफ्नो जीवनको लीला शोकले समाप्त पाऱ्यो।

अशोक भन्नाले शोकरहित ठाउँ हो। तर उसको जीवन संघर्षले भरिएको थियो। बाबु बिन्दुसार स्वर्गीय भएपनि ९९ दाज्यू भाइलाई मारेर जम्बुद्वीपमा एक छत्र महाराजा बने त्यसैले उसलाई चन्ड अशोक भनेर नाम जोडियो। पछि आफ्नै भान्जा भिक्षु निग्रोधका उपदेशले मन फेरियो। अप्रमादी मर्दैन, प्रमादी मृत्यु तुल्य हुन्। यस्तो अप्रमादी हुनु पर्ने उपदेश पाए पछि चन्ड अशोक धम्म अशोक भइ बुद्ध शासनलाई ठूलो टेवा दिए। बुद्ध शासन उचाल्न यति खर्च गरे कि विहार मात्र पनि ८४ लाख बनाउन लगाए। स्तुपहरू बनाउन लगाए, द्वितीय संगायन गराए । आफ्नो छोरा महेन्द्र र छोरी संघमित्रालाई भिक्षु भिक्षुणी बनाई धर्म प्रचारमा पठाए। ९ बुद्ध शासनमा धर्मदूतहरू पठाए । राजपात वास्ता गरेन ढुकुटीको सम्पत्ति सवै सुन चाँदी दान दिए। त्यस्तै बाँकी सम्पत्ति मन्त्री भाइ भारदार, परिवारको अन्य सदस्यहरूले बाँडेर लिए। आफू असक्त भई बिरामी हुंदा वैद्यले दिएको एक टुक्रा अमला औषधिको रुपमा औंलाले च्यापेर ढुकुतिको सामान बाहिर ल्याउन अऱ्हाउँदा सम्पत्ति सवै सकिएको जवाफ पाए र आफ्नो औंलाले



Downloaded from http://www.dhamma.digital

समातेको एक टुक्रा अमला मात्रै उहाँको सम्पति हो भन्ने जवाफ पाएर ठूलो चोट पऱ्यो र आफ्नो जीवन लीला अन्त गर्नु भयो । जिन बन्न सकेन, शोकाकुल भएर नै आफ्नो जीवन लीला समाप्त पाऱ्यो ।

यो संसारमा अप्रमाद धर्म कति महान श्रेष्ठ उपकारक र महत्वपूर्ण छ । बुद्धले उपदेशित एउटै मार्ग यही महासतिपट्ठान सुत्रमा उल्लेख छ । यही अप्रमाद धर्मलाई जीवनमा उतार्न सके जीवनलाई शोक विलापबाट मुक्त पार्न सकिन्छ भनी भगवानले उपदेश दिनु भएको थियो । कोशल राजा प्रसेनजीतले यो उपदेशलाई अभ्यास नगरेकोले उसको जीवनको अन्त शोक बाटै भयो ।

मिलक्खले यो धर्मलाई अभ्यास गरेकोले आफैले पूर्ण रुपमा मुक्तिको अनुभव गरे । अप्रमादी धर्मले मानसिक, शारीरिक कष्टमा जेलिएको श्रीलंकाको एक पर्वतको कन्दरामा बस्ने महास्थवीरले पनि शोक परिदेवबाट मुक्ति पाए । यही सोझो मार्गमा पदार्पन गरेको हुँदा आफ्नो बाटोबाट चिप्लीनु परेन । सारिपुत्र, मौदगल्यायनले प्राप्त गर्नु भएको निर्वाण पनि यही राजमार्गको प्रतिफल हो ।

यस्तो प्राप्त गर्न असजिलो धर्म, दुर्लभ धर्म, भगवान बुद्धको प्रादुर्भाव, यो संसारमा सजिलोसंग शुलभ हुँदैन । यस्तो महापुरुषलाई हामीले पायौं, उहाँको उपदेश जिउँदो रूपमा बाँचिरहेको बेलामा पनि हामी जस्तो हजार लाख मानिस भए पनि बुद्धलाई, बुद्धको रुपमा, धर्मलाई धर्मको रुपमा र उहाँको सही उपदेश, धम्म श्रवण गर्नेहरू धेरै नै कम मात्रामा छन् । यस्तो अप्रमाद दुर्लभ धर्मलाई हामीले वास्ता नगरेमा घाँस खाँदै गरेको मृगको अगाडि मणी छोडी दियो भने त्यसले वास्ता नगरेझै जस्तो हुनेछ । चराले खाँदैगरेको मासुको डल्लामा रातो मणी राख्दा वास्ता नगरेझैं हुनेछ । मानिस मानिस बन्नको लागि जीवनको महत्वपूर्ण अंगको रुपमा यो धर्मलाई अपनाउनेलाई सफलताको कामना गरी गुरु भन्ते उ ञाणीस्सर सयादोले प्रेरणाको शब्द अगाडि सार्नु भएको थियो ।

**दशौं धर्म देशना :**

संसारको पाँच प्रचलित धर्महरू मध्ये बुद्ध धर्मको स्थान तेश्रोमा मानिएको छ । अरु चारै वटा धर्महरूमा धर्म प्रति विश्वास हुनु पर्दछ, भक्तिभाव गर्नु पर्दछ र आशिका गर्नु पर्दछ भन्ने विचारधारा बिद्यमान छन् भने बुद्ध धर्ममा विश्वास भक्ति र प्रार्थना गरी आशिका गर्नुको अलावा बुद्धको (शिक्षा) धर्म शिकेर ग्रहण गरेर आफैले प्रज्ञाद्वारा अनुभव गर्नु पर्ने हुन्छ । प्रज्ञा शब्दलाई दुइवटा अक्षर 'प्र' अर्थात् विशेष 'ज्ञा' अर्थात् ज्ञानमा विभाजित गरिएको छ । विशेष ज्ञान भएपछि सत्य प्रज्ञा उत्पति हुन्छ र जे जस्तो छ त्यस्तै देखिन्छ यथाभूतम् अनि क्लेशरहित भई शीतल हुन्छ । क्लेश भित्र जानासाथ आगोले पोलेको थाहा हुन्छ वा अशुद्ध भएको थाहा हुन्छ । भित्र भित्रै शितलताको अनुभव प्राप्त गर्नु नै अरहन्त मार्गको फल प्राप्त गर्नु हो भनेर भन्नु भएको थियो ।

राजा मिलिन्दको उपमा पनि दिनु भएको थियो । राजा मिलिन्दले विद्वान ब्यक्ति छान्न अनेक विद्वानलाई बोलाएर अनेक प्रश्न गरी हराउँदथे । एक दिन भिक्षु नागसेनलाई राजाले सोधे : नागसेन के हो ? रौं होकी, आँखा होकी ? कान होकी ? भनेर प्रश्न गर्दा तिनीहरू केही पनि होइन भनेर जवाफ दिए ।

त्यसो भए नागसेन कहाँ छ भन्दा त्यो छ भनी नागसेनले जवाफ दिए । अनि नागसेनले पनि उसो भए आफूले पनि राजासंग प्रश्न सोध्छु भनेर सोधे : राजन तपाईं के मा आउनु भएको ? राजाले रथमा चढेर आएको भनी जवाफ दिए । नागसेनले सोधे रथ कुन हो घोडा होकी ? पाँग्राहरू वा चक्काहरू होकी ? बस्ने स्थान हो की ? भनेर एक एक छोएर देखाए । तर ती केही होइन भन्ने जवाफ पाए ।

नागसेनले जवाफ दिए कि जस्तो रथ हो त्यस्तै नागसेन हो । विभिन्न भागहरू मिली रथ बने जस्तै विभिन्न इन्द्रियहरू मिलि नागसेन बनेको छ । त्यो प्रज्ञाले युक्त उत्तरले राजा सन्तुष्ट भए ।

अन्तिम दिनमा श्रद्धेय भन्ते अश्वघोष महास्थविर ज्यूले अल्पकालिन भिक्षु प्रवज्या फिर्ता गरी गृह प्रवेश गर्न लागेका गृहस्थहरूलाई शीलको पूरा पहिचान भइसकेको हुँदा तिनीहरूबाट धार्मिक, आर्थिक, सामाजिक सुधारमा आशा गर्न सक्ने आशय ब्यक्त गर्नु भएको थियो ।

त्यस्तै धम्मवती गुरुमांले यो हाम्रो शरीरलाई बयल गाडीको रुपमा उपमा दिइ बयलगाडी अगाडी बढाउन चलाउने मान्छेको प्रमुख भूमिका भए जस्तै यो हाम्रो शरीर रुपी गाडामा पनि मन प्रमुख हुँदा, मनले संचालन गर्ने भएको हुंदा मनले नै जे चाहन्छ त्यही व्यवहारमा हुने हुँदा मनलाई चोखो र निर्मल पार्नु पर्दछ भनी शिविर समापन गर्नु भएको थियो ।

साधु ! साधु ! साधु !

# क्षान्ति र मैत्री-२

भिक्षु अश्वघोषद्वारा लिखित
अनुदित वीर्यवती

भिक्षु पुण्ण - भन्ते ! म सुणापरान्त भन्ने गाउँमा जाँदैछु ।

बुद्ध - सुणापरान्त गाउँमा बस्ने मानिसहरू धेरै उद्धण्ड स्वभावका छन् । त्यहाँका मानिसहरूले भिक्षुहरूलाई मन पराउँदैनन् । उनीहरूले तिमीलाई गाली गर्दै दु:ख दिए भने तिमीले के गर्छौ ?

पुण्ण - सुणापरान्तका मानिसहरू असल नै छन् भनी सम्झने छु । किनभने तिनीहरूले गाली मात्र गरे पिटेनन् भन्ने सम्झनेछु ।

बुद्ध - सुणापरान्त वासीहरूले पिट्न पनि सक्छन् । तिमीलाई तिनीहरूले पिटे भने के गर्ने नि ?

पुण्ण - उनीहरू असल नै छन् । हातले मात्र पिटे उनीहरूले मलाई ढुंगाले त हानेनन् भन्ने ठान्दछु ।

बुद्ध - ए पुण्ण ! तिमीलाई सुणापरान्त वासीहरूले ढुंगाले नै हाने भने तिमीले के ठान्नेछौ नि ?

पुण्ण - भन्ते ! सुणापरान्तवासीहरू असल नै छन् । ढुंगाले हाने पनि लट्ठीले त पिट्न आएनन् भनी सम्झनेछु ।

बुद्ध - यदि तिनीहरूले लट्ठीले नै पिट्न आए भने नि ?

पुण्ण - भन्ते सुणापरान्तका मानिसहरू असल नै छन् । लट्ठीले मात्र पिट्न आए खुकुरीले त हान्न आएनन् भनी सम्झनेछु ।

बुद्ध - खुकुरीले नै हान्न आए भने के गर्ने नि ?

पुण्ण - भन्ते ! तिनीहरूले मलाई मार्न त मारेनन् भन्ने सम्झनेछु ।

बुद्ध - पुण्ण तिमीलाई मार्न नै आए भने के सम्झने छौ नि ?

पुण्ण - भन्ते ! बुद्ध श्रावकहरू धेरै बाँचिराख्न परेकोले दिक्क र वाक्क भई मरेर जाने विचार गर्दै अर्काको हातबाट मर्नको लागि अनेक उपायहरू गरिरहन्छन् । तर मलाई भने त्यस्तो केही उपाय नै सोच्न परेन । मार्ने व्यक्तिहरू स्वत: प्राप्त भए भनी सम्झनेछु ।

बुद्ध - पुण्ण - ठीक छ, तिमी तालीम प्राप्त व्यक्ति बन्यौ । यस्तो विचार गर्न सक्ने, सहन सक्ने व्यक्ति उद्धण्ड स्वभाव भएका सुणापरान्त वासीहरू भएको गाउँमा रहन सक्नेछौ । अब तिमी त्यस गाउँमा गएपनि भयो ।

भिक्षु पुण्ण त्यहाँ गई आफ्नो राम्रो र शिक्षित व्यवहार प्रयोग गरी त्यस गाउँमा ५०० जवान उपासक उपासिकाहरू बटुल्न सफल हुनुभयो र आफुले पनि मनको क्लेश (कुभावना, कुबानी) नाश गरी अरहन्त (पवित्र) व्यक्ति बन्न सफल हुनुभयो ।

(पुण्णोवाद सूत्र मज्झिमनिकाय)

सहनशील शक्ति प्राप्त गर्नको लागि अभ्यास गर्नुपर्ने कुराहरू :

**"कोधं वधित्वान कदाचि सोचति**
**मक्खप्पहानं इसयोवण्णयन्ति**
**सब्बेसं वुत्तं फरुसं खमेथ**
**एतं खन्तिं उत्तम माहु सन्तो"**

अर्थ-

क्रोधलाई दमन गर्न सकेमा मात्र शोक हुनेछैन । अकृतज्ञ (अरुले गरेका गुणलाई विर्सने) स्वभावलाई खत्तम पार्नु राम्रो हुनेछ भनी ऋषीमुनीहरूले वर्णन गर्नु भएको छ । समान, ठूलो, नीच आदि सबैले प्रयोग गरेका कडा शब्दहरूलाई सहन सक्नु नै उत्तम क्षान्ति हो भनी सत्पुरुषहरूले भन्नुभएको छ ।

सहने तरिका दुईतीन प्रकारका छन् ।

**"भयाहि सेट्ठस्स वचो खमेथ**
**सारम्भ हेतु पन सादिसस्स**
**यो चीध हीनस्स वचो खमेथ**
**एवं खन्तिं उत्तम माहु सन्तो"**

अर्थ-

डरको कारणले पनि ठूला व्यक्तिहरूको कुरालाई सहने गर्छ । समान हुनुपर्ने कारणले पनि आफु समान व्यक्तिहरूको कुरा सुनी सहने गर्छ । तर यस संसारमा आफु भन्दा तल्लो तहका व्यक्तिहरूको वचनलाई सहन सकेमा मात्र यसलाई सहनशीलताको उत्तम नमूना हो भनी महापुरुषहरूले भन्ने गरेका छन् ।

**यो हवे बलवा सन्तो दुब्बलस्स तितिक्खति**
**तमाहु परमं खन्तिं निच्चं खमति दुब्बलो ।**



Downloaded from http://www.dhamma.digital

अर्थ

बलियो व्यक्तिले दुर्बल व्यक्तिको अपराध र दोषलाई सहन सक्ने सहनशीलतालाई उत्तम क्षान्ति भनिन्छ। दुर्बल व्यक्तिले त सधैं सहिरहेकै हुन्छ।

यसको मतलब यो हो, दुःखी गरिवि र कमजोरीहरूले मात्र सहेर शान्ति स्थापना हुँदैन, जीवन रमाइलो हुनेछैन । उच्च पदमा रहेकाहरूले र बलसम्पन्न व्यक्तिहरूले सहन सकेमा मात्र राम्रो हुनेछ। अन्यथा कमजोरी वर्गले मात्र सहेकोमा त्यति मूल्य छैन।

भिक्षु सारीपुत्र गौतम बुद्धका प्रमुख शिष्य हुनुहुन्छ। उहाँ सहनसक्ने गुणमा धेरै माथि पुग्नु भएको कुरा सबै ठाउँमा प्रचार भएछ । एकदिन एकजना अशिष्ट ब्राह्मणलाई भिक्षु सारीपुत्रसंग सहन सक्ने गुण छ भनेको कुरो साँच्चिकै हो कि होइन भन्ने कुरा परीक्षण गर्न मन लागेछ। त्यसैले एकदिन भिक्षु सारीपुत्र भिक्षाटनका लागि गई राख्नु भएको बेला त्यस बाहुनले उहाँलाई पछाडीबाट एक मुक्का हानि दिएछ। बाहुनले यसरी पिटे पनि भिक्षु सारीपुत्रले थाहा नपाए जस्तो गरी एक पटक पनि फर्केर हेर्नु भएन र सरासर विहारमा जानुभयो । यस्तो भएपछि बाहुनको मुटु डरले काँप्न थाल्यो । बाहुनको काँपिएको शरीर पसिनाले भिज्न थाल्यो । शोक र पीर गर्दै दगुरेर भिक्षु सारीपुत्रलाई वन्दना गरी भन्यो - भन्ते ! मलाई क्षमा गरिदिनुस्। यति भनी उसले क्षमा मागे। सारीपुत्र महास्थविरले भन्नुभयो - तिमीले यस विषयमा केही धन्दा लिनु पर्दैन, तिमीलाई क्षमा दिइसकें।

बाहुनले भने - "भन्ते। यदि तपाईले मलाई क्षमा दिनुभएको हो भने भोली तपाई मेरो घरमा भोजनको लागि आउनुस् भनी निमन्त्रणा गरेर गए।

भिक्षु सारीपुत्र उनको (बाहुनको) घरमा गई भोजन गर्नुभयो । बुद्धका अग्रश्रावक भिक्षु सारिपुत्रलाई विना कारण बाहुनले पिट्यो भन्ने खवर सुनी थुप्रै मानिसहरू रिसाएर त्यस बाहुनलाई पिट्नको लागि उसको घर बाहिर पर्खिरहे । उनीहरू मध्ये कसैको हातमा लठ्ठी, कसैको हातमा हतौडा थिए। उत्तेजित हुदै आइरहेका ती मानिसहरूलाई भिक्षु सारीपुत्रले सम्झाउँदै भन्नुभयो - "मलाई पिट्ने व्यक्तिलाई मैले क्षमा दिइसकें। त्यो अब मेरो शत्रु रहेन। उनले मलाई भोजन पनि गराईसक्यो । उ अब पहिला जस्तो दुष्ट छैन । उसको हृदय परिवर्तन भइसक्यो । उसले गरेको खराव कार्यलाई उ आफैले गल्ती महशुस गरी चित्त दुखाउँदै पश्चाताप गरिसक्यो र क्षमा पनि मागि सक्यो । तिमीहरू सबै आफ्नो बाटो लाग।" यति भन्नु हुँदै भिक्षु सारीपुत्रले बाहुनको जीवन रक्षा गर्नुभयो।

**सहन सक्ने गुण निरोगी बन्नका लागि हेतु**

आफूलाई मन नपर्ने कुनै पनि घटना घट्यो भने तुरुन्तै रिसाएर प्रतिकृया जनाउँदै होश गुमाउन पुग्ने व्यक्तिसंग सहन सक्ने गुण धर्म हुँदैन। अन्धकार स्थानमा प्रकाश नभएको जस्तै हुनेछ। किनभने क्रोधले भरिएको चित्त अन्धकारले भरिएको एक मन्दिर जस्तै हो । अन्धकार मन्दिरमा उज्यालो प्रकाश ल्याउनको लागि वत्ति बाल्नु पर्छ । त्यसरी नै क्रोधरुपी अन्धकारले छोपिराखेको अवस्थामा क्षान्ति रुपी बत्ति बाली झलमल्ल पार्न सकेको खण्डमा क्रोधरुपी अन्धकार हराएर चित्त परिशुद्ध हुनेछ। अनि अनुहार उज्यालो, तेजीलो बन्नेछ। रीस नउठ्ने समयमा रगत शुद्ध भई निर्मल हुन्छ । त्यसैले रोग हराएर जानेछ । सधैं मनमा प्रसन्नता र आनन्द भइरह्यो भने रोगले त्यति सताउने छैन। रीस उठेपछि मन दुषित बन्ने हुनाले रगत नै कालो हुनेछ फलस्वरूप अनुहारको रुप नै परिवर्तन हुनेछ । सहन शक्ति रुपी दीयो निभ्ने वित्तिकै अन्धकार छाए जस्तै अनुहार पनि तेजहीन र धमीलो भएर जानेछ। शारीरिक अवस्था नै नराम्रो बन्नेछ। त्यसैले निरोगी बन्नको लागि सहनशीलता वा क्षान्ति गुण अति आवश्यक छ।

(१६६ वर्षिय रुसका एक बुढाको भनाई अनुसार निरोगी भई धेरै वर्ष सम्म जीवित रहनको लागि पालन गर्नु पर्ने नियमहरू यसरी छन् - काम गरिरहनु पर्छ, खिचलो नभएको जीवन विताउने, कसैको सुर्ता नलिइकन निन्दा चर्चा नगर्ने, कसैलाई दुःख नदिने, शुद्ध हावापानी भएको ठाउँमा रहने, आफै खाना पकाई खाने, विहान सबेरै उठ्ने वानी वसाल्ने आदि)

**सहनु नै ज्ञानी गुणीहरूको मूल धर्म**

मानिसहरूको उत्तम अंग शीर (टाउको) हो । शीर नभएको शरीरले केही काम गर्न सक्दैन, सहने उत्तम गुण धर्म जुन व्यक्तिसंग हुँदैन, त्यस व्यक्तिसंग शील (सदाचार) समाधि (अनुशासन र चित्त स्थिरता), प्रज्ञा (विवेक बुद्धि) आदि गुण धर्म हुँदैन । सहनशीलता नभएको व्यक्तिसंग सधैं जसो रीस उर्लीरहन्छ।

**न पस्सति दिवालूको काको रत्तिं न पस्सति**
**लुद्धो दुट्ठो च मुद्धो च अहोरत्तं न पस्सति ।**

अर्थ-

लाटो कोसेरोले दिउँसो आँखा देख्दैन । कागले राती आँखा देख्दैन । तर लोभी, द्वेषी (क्रोधी) र मूर्ख व्यक्तिले राती मात्र होइन दिउँसो पनि आँखाले देख्दैन ।

**"कुद्धो अत्थं न जानाति" - "कुद्धो धम्मं न पस्सति"**

रीसालु व्यक्तिले अर्थ र अनर्थ केही जाँदैन । रीस उठेको व्यक्तिले धर्म र अधर्म पनि केही जाँदैन । मतलब रीस उठ्यो भने मानिस राक्षस बन्छ । उसले होश हराउँदछ । पागल बनी फल भोग्नु पर्ने कारणहरू मध्ये एक कारण रीसालु स्वभाव पनि हो ।

### क्रोध महाचण्डाल

एक दिनको कुरो, स्वयम्भूबाट म सरासर शहरतर्फ आइरहेको बेला बाटोमा एक महिला बच्चा च्यापेर आइरहेकी देखें । त्यस महिलाको टाउकोबाट रगत बगिरहेको थियो भने उनी जीउ भरि पनि रगताम्य गरी रुदै आइरहेकी थिईन् । एक महिलाले उनीलाई सोधिन् हेर ! जीउ भरि रगतै रगत ! के भएको त्यो ? घाइते महिलाले भनिन् - चण्डाल लोग्नेको फन्दामा परियो के गर्नु ! बाहिरबाट घर पुग्ने वित्तिकै भात पकाइ राखेन भनेर रिसाउँदै रक्सीको सूरमा पिटेकोले मेरो टाउकोको यस्तो गति भयो । त्यस्ता लोग्नेसंग बस्दै बस्दिन भनेर निस्केर आएँ नि ।

अर्को पनि एक घटना अगाडि राख्छु । गंगा नदीको किनारमा एक साधु कुटी बनाई बसेको थियो । एकदिन त्यस साधुले लुगा धोई एक ठाउँमा सुकाई राखेको थियो । उसले आफ्नो शरीर नुहाउन सिद्धिए पछि आफ्नै कुटीमा आराम लिइरहेको थियो । त्यही बेला एक चण्डाल (च्यामे) त्यहाँ आयो । उसलाई पनि गर्मी भैरहेको थियो । त्यसैले उसले विचार गऱ्यो- "गंगाको चीसो पानीमा नुहाउनु पऱ्यो ।" नुहाउन सिद्धिएपछि लुगा मैलो भइरहेको हुनाले लुगा पनि धोयो ।

मैलो लुगा पछारिरहेको आवाज कुटी भित्रपनि सुनियो । साधुले सोच्यो - को होला त्यो लुगा धोइरहने ? बाहिर आएर हेर्छ त एक चण्डाल (पोडे) ले लुगा धोइरहेको देख्यो । यो दृश्य के देखेको थियो उसले त्यस चण्डालले पछारेका लुगाबाट छरिएका पानीका छिटाहरू उसले सुकाइराखेको लुगाहरूमा पनि परेको देख्यो । अनि के चाहियो र ? रीसले आँखा देखेन उसले अनि उसले त्यस पोडेको अगाडि गएर यसरी गाली गरे-

"तेरो आँखा कानो छ कि क्या हो ? चण्डाल जातको भइकन पनि यहाँ लुगा धुन आइस् ! तेरो फोहर लुगाको छिटा पारेर मेरो लुगा समेत अपवित्र पारिस् हैन ?

यति भन्दै गालि गरेर पनि नपुगेर उसले त्यस च्यामेको नजिक गएर उसको गालामा एक चड्कन लगाइदियो । बिचरो च्यामे हात जोडेर उभिरहे । साधु महात्मा त अझ ठूलो स्वर निकाली कराउन थाले - "तँ यहाँ फेरि कहिले पनि नआइ जा ।"

साधु महात्मा बुढो र डुब्लो पातलो थियो । पोडे भने बलियो र मोटो घाटो थियो । साधुबाबा थाकेछ गालि गर्दा गर्दै । रीसको झोंकमा स्वाँ स्वाँ र फ्वाँ - फ्वाँ गर्दै थिए उ । गर्मि पनि निकै चढेछ उसलाई । अनि गंगामा गएर नुहाउन थाल्यो ।

चण्डाल (पोडे) पनि पिटाई खान परेकोले होला पसिना निकाल्न थाल्यो । उसलाई पनि गर्मी भएछ । फलस्वरुप उ पनि गंगामा गएर नुहाउन पुग्यो । साधु महाराजले भन्यो - "पसिना पनि सुक्न पाएको छैन फेरि नुहाउन आइस् ? तैंले त अघि भरखर नुहाएको हैन ? फेरि किन नुहाउन आइस् ए ?

पोडेले भने- महात्मा तपाईले पनि अघि नै नुहाईसक्नु भएको थियो नि । फेरि किन नुहाउनु भएको त ?

साधु- मलाई त चण्डालले छोयो, त्यसैले नुहाएको नि ।

चण्डाल- मलाई पनि महाचण्डालले छोइदियो । तपाईंको महाचण्डाल क्रोधले छोएकोले मैले पनि फेरि नुहाउनु पऱ्यो नि ।

पोडेको यस्तो जवाफ सुनेपछि साधु महात्मा (नाजवाफ भई) झुलेर बसिरहे रे ।

साँच्चै भन्ने हो भने क्रोध महाचण्डाल हो । रीसले सबै बिगार्ने काम गर्छ । जहाँ रिस उठ्छ त्यहाँ सबै बिग्रियो भनेर बुझ्नु पर्छ । संधै मुसुमुसु हाँसेर जीबन विताउने हो भने रीस अर्थात् क्रोधलाई पन्छाएरै पठाउनु पर्छ । प्रसन्न चित्त र निर्मल चित्त भएको व्यक्तिसंग क्रोध हुँदैन ।

(आनन्द स्वामीको बोध कथाएँ)

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

## (१) त्रि-शरण

### (बुद्ध, धर्म, संघ शरण)



शान्तिका अग्रदूत
भगवान गौतम
बुद्धको शरणमा जाऊं
बुद्धको शरणमा
धम्मको शरणमा
संघको शरणमा
संघको शरणमा जाऊं
जीवन सार्थक बनाऊं

अहिंसा पुजारी
धर्माधिकारी
मैत्रीका द्यौतक
करूणाकारी
शान्तिका ... ... ...

शीलका दाता
विश्व विधाता
विश्वको ज्योति
हाम्रा बिभूती
शान्तिका ... ... ... ...

मानवताको
पाठ पढाउने
अनित्यताको
बोध जगाउने
शान्तिका ... ... ...

सत्यका खोजक
सुमार्ग दर्शक
यथार्थबादी
तथाकारी
शान्तिका ... ... ... ...

चित्तका शुद्धी
ध्यानी र ज्ञानी
जनहितकारी
बुद्धको वाणी
शान्तिका ... ... ...

## (२)

...ा मानव बुद्धको
... लिन जाउं ।
...र्म संघ के हो ?
...ाई धाउँ ॥

...नव शत्रु मानव होईन
...न्छ राग र द्वेष ।
...खौं सदा चित्त शुद्धी
हटाउँ मनको क्लेश ॥

...हामानव ... ... ... ...

भोक नै हाम्रो परम रोग
संस्कार ठूलो दु:ख ।
प्राप्ती होईन हुन्छ त्यागमा
जीवन मोक्ष सुख ॥

महामानव ... ... ... ...

खोज्छौं सुख पांउछौं दु:ख
कारण यसको तृष्णा ।
काया पुर्ति मात्रै गरौं
मनको ईच्छा छाडौं ॥

महा मानव ... ... ... ...

सुने देखे पढेभरमा
सत्य नमानौं ।
स्वानुभव नै परम सत्य
हुन्छ भनि जानौं ॥

महा मानव. ... ... ... ...

बुद्ध दर्शन के हो जानौं
जानौं बुद्ध भाषा ।
हृदय खालि बाह्याचारी
नहोस् खेल तमासा ॥

महा मानव ... ... ... ...

✍ सरोज उबास, पोखरा-३

Dhamma.Digital

# बुद्ध धर्मे ध्यान भावना

✍ राजा बज्राचार्य
युवा बौद्ध समूह, यें

थौं-कन्हे न्ह्याथासंनं ध्यान सम्बन्धि खँ न्यने दयाच्वंगु दु। ओशो, रजनिश, चिङहाइ आदि व विभिन्न प्राकृतिक चिकित्सालय, योगकेन्द्र अथेहे थौकन्हे ल्वय् उपचार पद्धति कथं नां जायाच्वंगु रेकी आदि थासे अले विभिन्न धार्मिक प्रवचने नं ध्यान सम्बन्धि चर्चा परिचर्चा जुयाच्वंगु दु। थुपिं मध्ये गुम्हेसियां बुद्धया नामं चले यानाच्वंगु दुसा गुम्हेसियां थ:गुहे कथं धाले याना: कनेगु, याकेगु यानावयाच्वंगु दु। थ्व फुक्क बुद्ध धर्म च्वन्ह्या:गुया दसु ख:। तर बुद्धं क्यना थकूगु तप्यंगु लँपु त्व:ता: मेगु लँपु हिलावंगु खनेदु। गथेकि थौंकन्हे छुं छ्गुलिं मनूते मन त्याकेफत धाय्व वा बजारे थाय्काय् फत धाय्व उकिया नक्कलिगु पिका:थेंतुं बुद्धं कनाथकूगु ध्यान व मे-मेगु कथंया ध्यान जुयाच्वंगु दु। न्ह्यागुजूसां ध्यान भावनाया महत्तायात वा: चाय्का: थम्हंनं अनुभव याना स्वयेगु कुत: यायेमा:। तर बुद्धया सिद्धान्त कथं स्वतन्त्र चिन्तन मयासे नक्कलिगु चिज दं, सर्व सुलभ व स्वयेवले बांला: धका: ग्रहण यानाकाल धा:सा उकें थ:तहे हानि जू वनेफु उकें थुखे पाखे होश यायेमा:।

ध्यान भावना धैगु साधारण कथं स्वये बले ध्यानया अर्थ मन बीगु (तयेगु) व भावनाया अर्थ नुगले तयेगु, अस्तित्व वा अनुभव यायेगु ख:। तर बुद्ध धर्मे ध्यान भावना धाये बले भिंगु चित्तया एकाग्रता ख:। थ:गु चित्त प्रति होस् तया च्वनेगुहे ध्यानया अवस्था ख:। ध्यान भावना धैगु चंचलगु मन अकुशल चित्त (राग, द्वेष, मोह आदि) मदेका छ्वयेगु माध्यम ख:। थ:गु दोष खंकेगु न्हायकं ख:। छुंनं कथंया दु:खं मुक्त जुइगु लँपु ख:।

ध्यान भावना यक्व कथंया दु धैगु खँला भ्हीसं स्यू तर फुक्कं विचार मुक्त जुइ फैगु चाहिं मखु। जब तक्क मने क्लेश बिकार दयाच्वनी दु:ख दयाहे च्वनी निर्वाणं तापानाहे च्वनी। भ्हीसं न्यना तयागु दु, ध्यान भावनां परिपक्वपिं ऋषितय्संनं तमं श्राप बीगु या:। अथेधका: बुद्ध धर्मे उल्लेख जुयाच्वंगु ध्यान भावनात फुक्कं निर्वाण मार्गय् थ्यनीगु धैगु मखु। बुद्ध धर्मे खास याना: निगू कथंया ध्यान भावना उल्लेख जुयाच्वंगु दु- वख: लौकिक व लोकोत्तर। लौकिक धायेवले समथ भावना ख: गुकी पीगू मूखँ (विषय) ल्ययात:गु दु, उकियात कर्मस्थान धका:नं धाइ। थ्व भावना मनूतय्गु चरित्र, स्वभाव स्वया: थ:त ल्व:गु मूखं ल्यया: याय्मा:। थुके चित्त एकाग्र याय्गु ज्या सम्म जुइ, सम्पूर्ण क्लेश हे निर्मूल जुइमखु। लोकोत्तर समाधिया निम्तिं सहायक जुइ, अले थुकें छुं ऋद्धि शक्ति प्राप्तिया नापं सी धुंका: ब्रह्मलोक गामि जुइ धका: धयात:गु दु। लोकोत्तर समाधि अन्तर्गत विपश्यना भावना ख:। थुकें तिनि फुक्क क्लेशं निर्मूल जुया: निर्वाण पद प्राप्त जुइ (अर्हत पद प्राप्त जुइ) अथे धैगु थ्व जन्म लिपा हानं जन्म जुइ माली मुख, छुनं कथंया दु:ख दैमखुत।

विपश्यना माने विशेष कथं स्वयेगु ख:। अथे धैगु प्यंगु खँय् विशेष कथं स्वय्गु ख:। उकियात सतिपट्ठाननं धाइ व ख: कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना व धम्मानुपश्यना। ची हाकय्क धायेगु ख:सा थ:गु शरिर व चित्ते वैगु वेदनायात अनित्यताया आधारे छुं प्रतिकृया बिना: चायेका च्वनेगु ख:। न्हापां सास:या ब: कया: थ:गु मनयात भूत व भविष्यय् मछ्वसे वर्तमाने तया: थ:गु शरिरे जुयाच्वंगु उत्पत्ति विनास स्वभावया समवेदनायात चायेका च्वनेगु ख:।

थ्व ध्यान भावना जन्म मृत्युया भवचक्रं मुक्त जुइगु लँपु अवश्य ख:। अथे धका: भ्ही सी धुंका: दैगु मुक्तिया निम्तिं जक मखु थ्वहे जीवने सुखं म्वायेगु निम्तिं नं ख:। मनू तय्सं सुखया निम्तिं भौतिक सुविधाया अनेक वस्तुत छ्चला वैच्वंगु दु। अथेनं दु:खं मत्व:तू। थ:गु इच्छा विपरित छुं ज्या जुल धा:सा, थ:त योगु वस्तु प्राप्त मजुल धा:सा, थ:त मयोम्ह व्यक्तिनाप व्यवहार याना च्वने माल धा:सा, सुना:नं दुर्व्यवहार यातधा:सा भ्हीत दु:ख जुइ। थ्व बाहेक नं ल्वचं कय्का च्वनेमालीगु, सी मा:गु आदि दु:खतला दहेदनि। थ्व स्वयेबले छुं मखुथें च्वंसां मानसिक तनाव जुइका च्वने मालीगु थ्वजा:गु खं



Downloaded from http://www.dhamma.digital

भीत दु:ख गथेजुया: जुइ ? थ्व भीसं विचा: याये मा:गु खँ ख: । भीसं मेपिन्त जक दोष बियाच्वना तर थ:गु सुख दु:खया मू हुनि थ:गुहे मन ख: धैगु खँ भीसं चायेके मफैच्वन । गथे समवेदना शरीरया माध्यमं चित्तं-चायेकीगु ख: अथेहे छुं वस्तु वा सुं व्यक्तिया माध्यमं थ:त सुख दु:खया अनुभव (समवेदना) जक जुइगु ख: । वहे सुख दु:ख वेदनाया आधारे भीगु मनं राग द्वेषया प्रतिकृया क्यनी गुगु मनया प्रतिकुल मजुल धा:सा दु:ख जुइ ।

थजा:गु खँत तर्क वितर्क याना: न्ह्याक्वहे थुइकूसां थुकें भी मुक्त जुइफैमखु । छायधा:सा व समवेदना चायेका च्वंम्ह अचेतन मन ख: । गुगु चौबिसै घण्टा घडिया सेकेण्ड सुइ थें सुम्क च्वनी मखु । न्हिच्छि चच्छिं रागद्वेषया प्रतिकृया यानाच्वनी भीसं चायेके हे फै मखु । समवेदना शरिरे जुइ तर चायेकीम्ह चित्त ख:, ज्या याइम्ह चित्त ख: । उकिं चित्तयात बसे काये मा:गु दु । उकिया निम्तिं समवेदनाया ग्वाहालि कायेमा: । मखुसा चित्त (मन) यात बसे कायेफैमखु । चित्तनाप क्वातुगु स्वापू दुम्ह समवेदनाहे ख: । अले थ्व समवेदना खंकेगु निम्तिं विपश्यना यायेमा: ।

ध्यान भावना यायेगु चलन गबले निसें वल धैगु खँय् दुवाला स्वय् बले सिद्धार्थ बुद्ध जुइ न्ह्यो निसें ध्यान भावनाया चलन दु धैगु खँ आलार कालाम व उदकरामपुत्र पिनिगु पाखें रुपावचर व अरुपावचर ध्यान सयेकाबिज्यात धैगु खंहे स्पष्ट जू । तर थ्व ध्यान भावना पाखें विकारं मुक्त मंजुइगु जूगुलिं सिद्धार्थ व थाय् त्व:ता थम्हंहे खुदँ तक्क दुष्कर तपस्या च्वना अनुसन्धान याना बिज्यात । गुकिं हेतु बिना: छुंहे चीज उत्पत्ति जुइमखु धैगु प्रतित्य समुत्पादयात खंका बिज्यात, अले चतुआर्यसत्यनं (गुगु शील, समाधि, प्रज्ञा कथं जनमानसे न्यनावन । भीगु दु:ख वा जन्म मृत्युया कारण अविद्या ख: । यदि भीके प्रज्ञा दत धा:सा अविद्याया नास जुइ । प्रज्ञाया निम्तिं समाधिया आवश्यक जू । अथेहे समाधिया निम्तिं शीलया । शील बिना: समाधि जुइ मुख, समाधि बिना: प्रज्ञा दै मखु धयागु थ्व खँ बुद्धत्व प्राप्ति लिपा प्रचारे वोगु ख: ।

बुद्धं मनूतयेगु चरित्र स्वया: धर्म देशना व ध्यान भावना कना बिज्या:गु दु । तर गुगुं नं कर्मकाण्डयात थाय् बिया: जोर बिया बिज्या:गु मदु । गुगु थौंकन्हे बुद्ध धर्मया नामे विभिन्न कर्मकाण्डत जुयाच्वंगु दु । बुद्धं मनूतयेगु चरित्र कथं विभिन्न ध्यान भावनात उल्लेख याना बिज्या:सां अन्तिमे चित्त एकाग्र लिपा विपश्यनाहे याका बिज्याइ । छायधा:सां थ्व ध्यान भावनां जक विकारं मुक्त जुइ, दु:खं मुक्त जुइ, निर्वाण प्राप्त जुइ तर आ:वया: बुद्धया थ्व मू शिक्षायात छखे त्व:ता: धार्मिक विवादे अलमल जुया: सुखसीगु लँपु पाखें तापाना वन, दु:खया भव जाले तक्यना च्वन ।

धाथें धाय्मालधा:सा प्रज्ञाहे बुद्ध धर्मया मू उद्देश्य ख: । अले थुकिया निम्तिं हे बुद्ध धर्मे ध्यान भावनाया आवश्यक ख: । आवश्यक थ्व मानेनंकि सुख सकसितं मा: । जवकि सुखया निम्तिं भीसं चाहना याना च्वनानं, उखें थुखें ब्वाँय् जुया: उगुं थुगुं धर्म या: जुया: नं सुखया लँ थुइके मफै च्वंपिं गथेकि चस्मा छचने तया: चस्मा मा: जुइपिन्त विपश्यना छगू सुखं म्वायेगु कला ख: । छाय्धा:सां दु:खया कारण थ:गु दुने तया: पिने सुख मा: जुयां गनं लुइ ! थ: दुनेया विकारं मुक्त जुल धाय्व सुख थनहे दु, गनं मा:जुइम्वा: । शील सदाचारी (पञ्चशीलं युक्तम्ह) जुया:, अकुशल कर्म निर्मूल याना:, चित्त शुद्धयाना:, मैत्री, करुणा, मुदिता, उपेक्षाया भिंगु गुणं जायेका: मानव मानवया दथुइ थ:थवय् स्नेह, सद्भावना व ग्वाहालिया निस्वार्थ सेवा भावनाया निम्तिं विपश्यनाया विशेष महत्व दु ।

थ्व विपश्यना ध्यान भावना सकल बौद्ध पिनिगु निम्तिं जक मखु शान्तिया इच्छा दुपिं दु:ख मुक्तिया इच्छा दुपिं सकसियां अनुभव याना स्वये मा:गु, थ:गु जीवने छचला वने मा:गु खँ ख: । सफू ब्वना: उपदेश न्यना: जक समस्या समाधान जुइमखु । थ्यंके मा:गु थासे थम्हं पला: मछीकं अन वनेगु लँपुया अध्ययन जक याना: व थासे थ्यनी मखु । उकिं पला: छीगु निम्तिं लँपु सीकेगु निम्तिं धर्मश्रृङ्ग यें व शंङ्खमोलय् ध्यान शिविर संचालन जुयाच्वंगु दु । वहे मार्ग दर्शनया आधारे थ:हे न्ह्यज्यां वनेमा: । गुलि गुलि न्ह्यज्यां वन उलिहे फल नं प्राप्त जुजुं वनी । भवतु सब्ब मंगलं ।

■

# मन

✍ भिक्षु सुशील

खनेव इमा ब्वैजूगु गगनय्
मनूया मन नं ब्वयेत सनी
किन्तु बफरा मनुखं थ:त
तृष्णाया सिखलं चीकाच्वनी ।

मयल जित: आ:ला सत्य
थुकथं छाय् जि म्वानाच्वने
ज्ययेके मा:सां थ:गु ला क्वैं
पंजलं जि पिहां वने ।

संकल्प मनुखं याइगु इले
धपक्क ख्वा: च्याई दन्न च्वनी
कुत: मनूया फ्यासुया वंलिसे
ई बिनावं थें ख्युँसे च्वनी ।

गुलि अजू, हा विधाता !
विवेक तया तल तालं ग्वया:
इच्छाया लस्कर ह्वः छुइ ग्वा: ग्वा:
कुतलं तयाच्वनी भुग्लुँख्वा: ।

ल्हा: तुति दत नं आप्तिं दायका:
साइत मलूनिगु त्वह चिना
हेय्का: मनुखं थ:त थम्हं
ह्वा: याइ इच्छा सुकू गंका: ।

पूर्वे वंसा पश्चिम न्ह्याइपु
उत्तर ख्वाउँ हँ दक्षिण यैपु
दयेव छु ख: मन लय्ताइगु
असत्ति छाय् छं दु:ख बियागु?

थुकथं हे ब्वला सायेगु ख:सा
सुखया म्हगस छाय् केनागु
पंछीं ब्वयेत पपू संकू थें
मनयात उसिं छाय् संकागु ?

गगनय् पंक्षि मगन जुयाच्वं थें
बिचा:या सागरय् मन न्ह्या: वं
आकासय् सुपाँय् घुसुहुँ व:थें
नुगलय् त्राशं भुनावं च्वं ।

थुखे उखे चाकलिं भिंभ्कां दँ
मनुखं ब: कायेगु गन ?
बिचरा मनूयात गनं छथाय् नं
भलसा बीम्ह सु दु थन ?

मनुखं उकिं ख: त्वाय्चिनीगु
च्वाकिंम्ह नकिं म्हगस नापं
मोहनिं गुजुहुँ कायेका: वैगु
हय्का: वनीगु स्वर्गय् तकं ।

पौरखयात ल्व:मंके बिया:
आशया सिखलं चिनाबीत
चन्ता ला: ध्व च्वाकिं मैंचा
त्यांग्रा पुइक घ्वाना बी त ।

ज्ञानी घ्यानी गुलि नं दैवन
थुइकूगु फुकसिनं ध्व हे छगू
म्हगसया लोकय् च्वने न्ह्याइपु
किन्तु मदु अन छुं थ:गु ।

विराट गगनय् छुं हे मदु थें
कल्पनाय् नं छुं मदु
तायेकीगु केवल दुथें दु थें
तिफ्याये छुं हे फैगु मखु ।

अहो मनूया जीवन ध्व
गथेजक स्वतुमतु स्वैच्वंगु
वं लिसे भं तापाना वनीगु
कुलांनाप त्वाय् चिनाच्वंगु ।

कुलामय् किपा च्व च्वं छन्हु
मनुखं सीकी तिनि बुलुहुँ
दयेव लसतां न्हिलीम्ह छन्हु
फुइव ख्वयेमाली सुकुसुकुं ।

विवेक मनूया थना बी निंतिं
कुत: अल्याखं याना वंपिं
गुलि वल गुलिवन त:धंपिं
त:त: सलं हाले स:पिं ।

किन्तु मनुखं छाय् ख: हां
मता: छू जक यानाच्वंगु
धर्म अधर्म थुइकेगु मयासें
य: यत्थेंजक सना जूगु ।

न्ह्याक्व: द:सां लय्ता:म्ह सु दु
कपटी नुग:यात मत्याकुसे
ब्वाँय् वने सयेवं थ्यंम्ह सु दु
सम्यक लँपुइ न्ह्या: मवंसें ।

सुर्द्यो नं ला थ:गु लँपुं
न्ह्या:गुलिं ख: थन निभा: त्व:गु
धर्तीया उदारतां मखुला
ज्वाँय् ज्वाँय् अन्न बुया व:गु ।

विश्व छगूलिं शिक्षालय ख:
सयेके उत्सुक जूम्हसित
सच्चाम्ह गुरुला थ:गु मन ख:
दण्ड सिरपा: थूम्हसित ।



Downloaded from http://www.dhamma.digital

*यो पनि जान्न लायकको समाचार हो... ...*

# पाहुनाका लागि 'सगुन' दिने गाउँलेहरू आफू रक्सी खाँदैनन्

✍ **गजेन्द्र बुढाथोकी**, सिरूबारी, स्याङ्जा

पञ्चमूल गाउँ विकास समिति वडा नं. ४ मा पर्ने सिरूबारीका सुबेदार मनप्रसाद गुरूङ पाहुनाहरूका लागि गाउँमा बनेको 'तीन पाने' रक्सी अगाडि सारिदिएपछि आफू छेउ लागे। पाहुनाहरूले कर लगाउँदा पनि उनले रक्सी खान मानेनन्। 'मैले त रक्सी खाने गरेको छैन' गुरूङले भने।

सुबेदार मनप्रसादले मात्र नभएर सिरूबारीका अधिकांश पुरूषहरूले रक्सी खान छोडिसकेका छन्। यहाँको स्थानीय आमा समूहले गाउँका पुरूषहरूका लागि जाँड-रक्सी, जुवा-तासमा प्रतिबन्ध नै लगाएको छ, तर पनि गाउँमा आएका पाहुनाहरूको लागि भने जाँड-रक्सी बन्ने गर्छ।

रक्सी खाएर हिंडेको, तास खेलेको आमा समूहले थाहा पायो भने समातेर कारवाही गर्छ- गाउँका युवा अशोक गुरूङ भन्छन्।

आमा समूहले चाडबाड र परम्पराअनुसारका जाँड-रक्सी प्रयोग गर्नुपर्ने अवसरहरूका लागि तथा पाहुनाहरूको सत्कारका लागि भने जाँडरक्सीको प्रयोग गर्न छुट दिएको छ।

'आफ्नो रीतिथिति परम्परा चलाउनै पर्‍यो भनेर मात्र गाउँमा जाँडरक्सी बनाउँछौं, नत्र त गुरूङवस्ती भन्नु मात्र छ' आमा समूहकी उपाध्यक्ष श्रीमती मीनाकुमारी गुरूङले भन्नुभयो गाउँका पुरूषहरूले जाँडरक्सी नखाए पनि गाउँ आउने पाहुनाहरूको अतिथि सत्कारका लागि 'सगुन' का रूपमा जाँडरक्सी प्रस्तुत गर्ने परम्परा रहेको छ।

नेपालकै नमूना पर्यटकीय गाउँको रूपमा विकसित भएको सिरूबारीमा पाहुनाहरूको आवागमनलाई विशेष महत्त्वका साथ लिने गरिन्छ। खास गरी गाउँमा लाहुरे घर फर्कदा, घरबिदामा आउँदा छोरी-ज्वाइँ गाउँ आउँदा र अन्य यस्तै अवसरहरूमा गाउँ आएका पाहुनाहरूको गुरूङ समाजमा भव्यरूपले स्वागत सत्कार गर्ने गरिन्छ।

करिब ३ वर्षयता सिरूबारीको यो परम्परालाई पर्यटनसँग आबद्ध गरिएको छ। गाउँको संस्कृति र अतिथि सत्कार गर्ने परम्परालाई पर्यटनसँग आबद्ध गरेपछि सिरूबारी नेपालकै नमूना पर्यटकीय गाउँ बन्न पुगेको छ।

सिरूबारीलाई अहिलेको स्थितिसम्म ल्याई पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पूर्वसांसद तथा सिरूबारी गाउँ पर्यटन विकास तथा व्यवस्थापन समितिका क्याप्टेन रूद्रमान गुरूङ आफ्नै ढंगले परम्परागत संस्कृतिसहित अगाडि बढिरहेको सिरूबारी अहिले पर्यटकीय गाउँका लागि आवश्यक पूर्वाधार मात्र विकास गर्ने क्रममा रहेको बताउनुहुन्छ।

'अहिले त भरखर गाउँले बाटो लिन थालेको छ। अबको ३-४ वर्षपछि गाउँको नक्सै बदलिन्छजस्तो लाग्छ' गुरूङले भन्नुभयो।

करिब ७० घर गुरूङहरूको वस्ती रहेको सिरूबारी अहिलेको स्थितिसम्म त्यसै आइपुगेको भने होइन। गाउँको विकासलाई नजिकबाट नियाल्दै आउनुभएकी गाउँकी ६० वर्षीया वृद्ध सुमित्रा गुरूङ भन्नुहुन्छ 'आजभन्दा २९-३० वर्षअघिसम्म गाउँ पूरै सिस्नोघारी थियो। हिंड्ने ठाउँसम्म थिएन, सिस्नो पन्छाएर हिंड्नुपर्‍यो। तर १९७१ पछि क्याप्टेन रूद्रमान गुरूङ, क्याप्टने हर्कबहादुर गुरूङलगायतका व्यक्तिहरू सेवा निवृत्र भएर आएपछि उहाँहरूको नेतृत्वमा घरघरै पैसा उठाएर गाउँ बनायौं।'

आफ्नै पम्परागत ढंगले व्यवस्थित हुँदै आएको सिरूबारीलाई व्यवसायीकरण गरेर पर्यटकीय गाउँको रूपमा भने नेपाल भिलेज रिसोर्टका परामर्शदाता अष्ट्रेलियाली नागरिक टोनी पार र उनका सहकर्मी नेपाली लेखराज निरौलाले विकसित गरेका हुन्।

सो रिसोर्टका व्यवस्थापक निरौला भन्छन्- सजिलो पैदल यात्रा मार्ग खोज्ने क्रममा १९९७ को जनवरी १ तारिखमा हामी यहाँ आइपुग्दा परम्परागत ढंगले स्वागत गरियो। गाउँ घुम्यौं, पछि आतिथ्य गर्ने संस्कारलाई नै प्याकेजको रूपमा लाने सोच बनेपछि पूर्वसांसद रूद्रमान गुरूङ, गाविस अध्यक्षसहित गाउँलेहरूबीच १०-१५ दिन छलफल भयो र दुई महिनापछि देखि यो गाउँलाई हामीले पर्यटकीय गाउँको प्याकेजको रूपमा लिएर गयौं।

तीन वर्षअगाडि १९९७ को सेप्टेम्बरदेखि हालसम्म सिरूबारीमा ३ सय १ जना विदेशी पर्यटकहरूले गाउँको आतिथ्य ग्रहण गरिसकेका छन् भने १९९१ देखि हालसम्म ३ हजार ८ सय ५० जना स्वदेशीहरूले गाउँको आतिथ्य पाएको कुरा सिरूबारीको गुम्बामा रहेको आगन्तुक पुस्तिकामा उल्लेख छ।

विदेशी पर्यटकहरू गाउँ घुम्न जाने मात्र नभएर वरिपरिका अरू गाउँका वासिन्दाहरू पनि गाउँको व्यवस्थापन सिक्न आउने गरेको कुरा पञ्चमूल गाविसका अध्यक्ष क्याप्टेन हर्कबहादुर गुरूङ बताउनुहुन्छ। *साभार : 'कान्तिपुर' दैनिक*

## गर्वसाथ

✍ राजु श्रेष्ठ

धरान- ११ जनपथ

*गर्व साथ भन्न सक्छौं।*
*हामी नेपाली हौं भनी।।*
*गर्व साथ भन्न सक्छौं।*
*हामी शान्तिका मार्गदर्शक हौं भनी।।*
*गर्व साथ भन्न सक्छौं।*
*यो देश बुद्धको जन्म स्थल हो भनी।।*

*धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी शनीवारिय कार्यक्रम*

## "मानसिक सुखको पहिलो खुड्किलो आचरण शुद्धि"

२०५७ पौष ८ गते । रिपोर्टर - अम्बिका शाक्य

यसदिन वीर्यवती गुरुमांले मानसिक सुख विषयमा बोल्नु हुँदै भन्नु भयो- "हामीलाई आनन्द र सुखी मन लिएर बाँच्न मन लाग्छ । त्यसैले हामीले सकेसम्म सुख बटुल्न खोज्छौं । तर सुख खोज्नको लागि हामीले दु:खको मूल कारण आफ्नो अज्ञानता र खराव आचरणहरूलाई चिन्न नसकी आफ्ना बानी व्यवहार सुधार्नु भन्दा पनि बाह्य भौतिक सुख (पञ्चकाम सुखहरू) भोग्दै आनन्द लिन खोज्छौं । त्यति मात्र होइन, आफूले गर्दै आएका खराव कार्यहरूको फल आफैले भोग्नु पर्ने प्राकृतिक नियमलाई बुझ्न नसक्दा वा बुझ्न नचाहँदा पनि यस संसारमा मानिसहरूले आफ्ना आचरण सुधार्न सकिरहेकाछैनन् । आफूले मूर्खतावस आफ्ना स्वार्थ पूर्तिका लागि गरिएका गल्तीहरू अरुले थाहा पाउलान् भन्दै ढाकछोप गर्न खोज्छौं हामी । तर जति पापलाई छोप्न खोजिन्छ, त्यति नै नचाहँदा नचाहँदै पनि पाप कर्मका संख्याहरू बढ्दै जान्छन् । जति जति आफूबाट गलत कार्यहरू गरिन्छन् त्यति त्यति त्यसका खराव नतीजाहरू आफैले दु:खपूर्वक भोग्नै पर्ने हुन्छन् । यो एक प्राकृतिक नियम हो । कसैले दिएको दु:ख होइन यो । कसैले हटाउन सक्ने दु:ख पनि होइन यो । तर हामीले यस नियमलाई बुझ्न नसकी आफ्नो विवेक बुद्धि गुमाएर आफुलाई परेको दु:खको दोष अरुलाई दिंदै सन्तोषको श्वास फेर्छौं । तर जति अरुलाई दोष दिइन्छ, त्यति आफ्नो मनमा शान्तिले होइन अशान्ती र द्वेषले ठाउँ लिने हुन्छ ।

त्यसैले आफ्नो चित्तलाई मानसिक सुख दिलाउने हो भने बुद्धले देखाउनु भएको मुक्ति मार्गका खुड्किलाहरू मध्ये पहिलो खुड्किलो आचरण शुद्धि (राम्रो बानी व्यवहार) लाई अपनाउनु नै बुद्धिमानी हुनेछ । किनभने आचरण शुद्ध नभए सम्म हामीले आफ्नो मन पवित्र पार्न सक्दैनौं । यदि मन दूषित छ भने त्यही मनले अनुभव गर्नुपर्ने मानसिक शान्तिलाई कसरी प्राप्त गर्ने ? त्यसैले होला बुद्धसंग जात सोधन आउने एक व्यक्तिलाई बुद्धले भन्नु भएको थियो- "जात नसोध आचरण सोध्ने गर ।"

त्यसैले आफ्नो आचरण सुधार्न इच्छुक हामी सबैले पहिला आ-आफ्ना कर्त्तव्यपालन तिर विशेष ध्यान दिई आफूबाट हुने कर्महरू सुधार्नका लागि बुद्धले दिनुभएका यी शिक्षाहरूलाई अभ्यास गर्ने प्रयास गरौं ।

१) हामीले कसैलाई कुभलो चिताई दु:ख कष्ट र पीडा पुऱ्याउने चेतनाले कुनै पनि काम नगरौं ।
२) कसैको सानो भन्दा सानो चीज बस्तु पनि नचोर्ने नढाँट्ने, नछल्ने र नठग्ने बानी बसालौं ।
३) भोग वासनाको पछि लागी व्यभिचार कर्म गरी व्यर्थमा समय र शक्ति खेर नफालौं ।
४) आफ्नो नीजि स्वार्थको वसमा गई अरुलाई हानी पुग्ने कडा, असत्य, चुकली र वकवास वचनहरू आफ्नो मुखबाट प्रयोग नगरौं ।
५) मद्यपान र लागू पदार्थले मात्र होइन आफूलाई धन र पदको नशाबाट पनि बेहोशी नबनाउन प्रयास गरौं ।

यी सबै शुद्ध आचरणहरू हामीबाट तब मात्र सम्भव हुन्छन्, जब हामीले आफ्ना खराव बानीहरू र गल्तीहरूलाई आफैले महशूस गर्न सक्नेछौं ।"

**आधुनिक युगमा बुद्ध धर्मको प्रचार प्रसार**

२०५७ माघ १४ गते ।

यसदिन पूज्य अस्सजित भन्तेले "आधुनिक युगमा बुद्ध धर्मको प्रचार प्रसार" विषयमा प्रवचन दिंदै भन्नुभयो -"वर्तमान युगमा बुद्ध धर्मको प्रचार प्रसार गर्नको लागि दुई तह अपनाउन सकिन्छ । ती यसरी छन्,

१) Grass route level (तल्लोवर्ग, गरीब वर्ग, अशिक्षित वर्ग)
२) Top route level (माथिल्लो वर्ग, धनी वर्ग, शिक्षित वर्ग)



Downloaded from http://www.dhamma.digital

१) Grass route level - गरीब वर्गका लागि शिक्षा दिइँदा उनीहरूको आर्थिक स्तरलाई विचार गर्नु अति आवश्यक हुनेछ। खान नपाई भोकै जीवन बिताउनु पर्ने व्यक्तिहरूलाई आर्थिक सहयोगका साथै शिक्षा दिनु, आवश्यक हुनेछ। भोकाएको मानिसले ज्ञान हासिल गर्न सक्दैन। बुद्धले पनि भोकाएको व्यक्तिलाई पहिला खाना खुवाउनुभयो र पछि मात्र उपदेश दिनुभयो।

२) Top route level धनीवर्गका व्यक्तिहरूलाई शील पालन, समाधि र प्रज्ञा विषयमा ज्ञान दिनु उचित हुनेछ। उनीहरूलाई चित्त बुझेमा उनीहरू आफ्नो क्षमताअनुसार दान दिनेछन्।

हीराको टुक्रा बच्चाको हातमा परेमा त्यसको महत्त्व खेलौना सरह हुन्छ भने कृषकको हातमा पर्‍यो भने त्यही हीरा बेचेर आवश्यक सामान किनिन्छ। त्यही हीरा बुद्धीजीविको हातमा पर्‍यो भने गहना बनाई मूल्यवान बन्नेछ।

धर्म पनि त्यस्तै हो। बुद्धले पनि धर्मलाई माथिल्लो वर्गका व्यक्तिहरू देखि प्रचार गर्नुभयो। तपुस्स, भल्लुक, पञ्च भद्र वर्गिय, राजा बिम्बिसार, यस कुमार आदि बुद्धको शिक्षाबाट बोध भएपछि देशका थुप्रै जनताहरू पनि विस्तारै बुद्ध शिक्षाको पछि लागे। यसरी नै भिक्षु महेन्द्रले पनि श्रीलंकामा धर्म प्रचार गर्दा राजा रानीहरूलाई उपदेश दिएर बोध गराउनु भयो।

तल्लो तहबाट मात्र प्रचार गरिएको शिक्षालाई माथिल्लो वर्गका व्यक्तिहरूले चाहना राख्दैनन्।

धर्म भनेको जबरदस्ती, डर धम्की र पैसाको लोभले पालना गर्ने होइन। यो त भित्री मनले महशूस गरी आफ्नो रुची र चाहना जगाएर पालना गर्नु पर्ने विषय हो। सुनेको मात्र भरमा पनि धर्म पालना हुँदैन यसलाई राम्ररी अध्ययन गरेर बुझेर मात्र पालन गर्न सकिन्छ।"

अन्त्यमा उहाँले नेपालमा धर्मप्रचारका लागि विभिन्न बाधाहरूलाई यसरी उल्लेख गर्नुभयो -

१) रुढीवादी विचारधारा २) नेपाली भाषामा धर्मप्रचार हुन नसकि राखेको ३) आर्थिक कमजोर आदि।

# समयको महत्त्व

✍ **ज्ञानरत्न शाक्य**, पनौती

आज मैले समयको महत्त्वलाई नचिनेर।
तर्न सकिन यो भव सागर।
कुवाको भ्यागुतो समान भएर।
सर्पको आहार जस्तो बनेर।
बसें बेकार समयलाई नचिनेर।

समयलाई चिन्ने व्यक्ति महामानव भयो।
आफ्नो खुट्टाले आफै टेक्न सफल भयो।
शान्तिको मार्गदर्शक बन्न सफल भयो।
खराव आचरणहरू त्यागी निर्वाण गामी भयो।
आफ्नो नाथ आफै बन्न सफल भयो।

समय निरञ्जन निराकार रहेछ।
हाम्रो शरीर त केही होइन रहेछ।
गलत धारणाले मलाई ठगेछ।
आफुले आफैलाई चिन्न सकेनछ।
बसें बेकार समयलाई नचिनेर।

# धर्म धयागु छु ?

✍ **रामभक्त प्रधान**, बनेपा

धर्म थ:गु विशेष गुणं धर्म जूगु
त्याग चित्त मदया: बिक: जूसा पाप लाइगु
न्ह्याक्को हे त्यागी ज्वी धासां
कय् कुना जक वनीगु थ्व चित्त

कुबुद्धी व कुमती तयाजुयागुलिं हे
थौं थुलि दु:ख सियाच्वनागु
उकें थ:गु चित्ते त्याग चित्त दयक्यत
दान पुण्य यायगु व मति भिंकेगु स्वयगु।

## चार धाम निर्माण

२०५७ पौष २२ गते शनिवार ।

यसदिन सिद्धि मंगल बुद्ध विहार ललितपुरमा चारधाम निर्माण कार्यक्रम बारे एक समारोह सम्पन्न गरिएको समाचार छ । भिक्षु विमल कीर्तिबाट पञ्चशील प्रार्थना गराइएको उक्त समारोहमा सिद्धी मंगल बुद्ध विहारका अध्यक्ष बुद्धि बहादुर महर्जनले स्वागत भाषण गर्नु भएको थियो भने प्रा. आशाराम शाक्य, ज्ञानज्योती कंसाकार, बखत बहादुर चित्रकार, बेखारत्न शाक्य, पवित्र बहादुर बज्राचार्य, चन्द्रबहादुर तामाङ्ग, काजीलाल डंगोल, मोतीलाल सिल्पकार, धर्म बहादुर धाख्वा:, धर्म बहादुर शाक्य, तोय बहादुर धाख्वा: र विष्णु रत्न शाक्य आदि वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

## दूध पोखरीमा बौद्ध जागरण शिविर

२०५७ माघ १०-१३ सम्म

रामेछाप, सिन्धुपाल्चोक र दोलखा जिल्लाको त्रिवेणीमा पर्ने दुध पोखरी गा.वि.स मा टशि नोर्बु थर पालिङ गोम्पा र हिमाली बौद्ध शिक्षण संस्था पाटनको संयुक्त आयोजनामा बौद्ध जागरण लामा प्रशिक्षण शिविर संचालन गरिएको समाचार छ । दुध पोखरी निमाविको प्रांगणमा आयोजित बौद्ध जागरण प्रशिक्षण शिविरको वरिष्ठ प्रशिक्षक ङवाङ्ग वोसेर लामाले उद्घाटन गर्नुभएको थियो ।

दूध पोखरी गा.वि.स. का अध्यक्ष थीर ब. मोक्तानले स्वागत भाषण गर्नु भएको उक्त समारोहमा, श्री बसन्त लाली गुराँस क्लव, युवा क्लव र आमा समूहले पनि अतिथीहरू लगायत सहभागीहरूलाई स्वागत गर्नुभयो ।

खेनपो ङ्वाङ वोसेर लामा, ग्याछो लामा, हर्क ब. तामाङ्ग, धन ब. लामा र डाँचे गा.वि.स. सिन्धुपाल्चोकका सहभागीहरूले पनि बौद्ध जागरण प्रशिक्षण शिविरको औचित्य बारे बोल्नु भएको थियो ।

दूध पोखरी टशि नोबु थरपालिङ गोम्पाको लामा तथा आयोजक समितिका अध्यक्ष टुल्कु लामाको अध्यक्षतामा सम्पन्न भएको उक्त शिविरमा रामेछाप, सिन्धुपाल्चोक र दोलखा जिल्ला अन्तरगत विभिन्न गा.वि.का ७५ जवान सहभागी र पर्यवेक्षकहरू गरी १०० जवान भन्दा बढि व्यक्तिले भाग लिएका थिए । ३ दिन (माघ १०-१३) सम्म संचालित उक्त कार्यक्रममा खेनपो ङवाङ बोसेर लामा, लोब्पोन ङवाङ्ग लुडुव लामाले पञ्चशील दश मूल कुशल कर्म, दुर्लभ मानव देहरत्न, अनित्य, हेतुकर्मफल र सांसारिक दोषको विषयमा प्रशिक्षण दिनुभएको थियो । अन्त्यमा भक्तजनहरूको अनुरोधमा खेनपो गुरुले छेवाङ (दीर्घायु अभिषेक) र सहभागीहरूलई प्रमाण पत्र वितरण गर्नुभयो ।

## बुद्ध प्रतिमा अनावरण

२०५७ पौष २५ गते ।

सप्तरी इटहर्वा रत्नपुरी बजारमा पूर्व महान्यायाधिवक्ता रमानन्द प्रसाद सिंह थारुले बुद्ध मूर्तिको अनावरण गरिएको समाचार धर्मकीर्ति पत्रिकाको वर्ष १८ अङ्क १० मा प्रकाशित भइसकेको छ ।



उक्त चैत्य निर्माण समितिमा रहेका कार्यकारिणी सदस्यहरूको नाम प्राप्त समाचार अनुसार यसरी उल्लेख गरिएका छन्-

सल्लाहकारहरू- श्री रामलगन चौधरी,
श्री हरीप्रसाद चौधरी ।
अध्यक्ष - श्री सोनालाल लेखी ।
उपाध्यक्ष - श्री भुलसिंह दास चौधरी
सचिव - श्री अञ्जनी कुमार सिंह ।
कोषाध्यक्ष - श्रीमती केशरी जोशी
सदस्यहरू - श्री बद्री प्रसाद शाह, श्री रघुवीरसिंह,



Downloaded from http://www.dhamma.digital

श्याम प्रसाद घिमिरे, मिश्री लाल ठाकुर,
प्रभु नारायण यादव, लक्ष्मी नारायण
चौधरी, प्रथम लाल चौधरी,
राम कुमार विश्वकर्मा ।

उक्त बुद्ध मूर्ति निर्माणार्थ चन्दा दिनुहुने चन्दा दाताहरू यसरी उल्लेखित छन्-

रु. ५००।- र सो भन्दा बढि चन्दा दिनु हुने दाताहरू– श्री भुलसिंह दास चौधरी, रामलगन चौधरी, फुलाई चौधरी, प्रभु यादव, बद्री साहु, छोटेलाल चौधरी, मनोज कुमार चौधरी, रमानन्द चौधरी, प्रमोज चौधरी, सुशील चौधरी, रमेश चौधरी, राजेश चौधरी, मिलन चौधरी, बाबुनन्द चौधरी, हरी प्रसाद चौधरी, तुलाकान्त जोशी, अशोक कुमार चौधरी, तिलेवना, अशोककुमार चौधरी सुन्सरी, महेश कुमार ठाकुर आदि ।

रु. १०००।- वा सो भन्दा बढि चन्दा दिनुहुने चन्दा दाताहरू- श्रीमती बबिता सिंह, श्री तेजुलाल चौधरी, राधा कृष्ण मंदिर निर्माण समिति, लक्ष्मी नारायण चौधरी आदि ।

रु. २०००।- वा सो भन्दा बढि चन्दा दिने दाताहरू- सोनालाल लेखी, रामबाबु दुबे आदि ।

रु. ७००।- चन्दा दिने दाता- गौतम रत्न शाक्य ।

यसरी चन्दा दाताहरूबाट जम्मा रु. २०,४७३।- चन्दा संकलन गरिएको थियो ।

## बागलुङ मा बौद्ध जागरण शिविर सम्पन्न

२०५७ पुस २७ गते धवलागिरी अंचलको बागलुङ जिल्लामा काठमाडौं को युवा बौद्ध समूहको पहलमा र स्थानिय संघ संस्थाहरू ज्ञानोदय बुद्ध विहार बागलुङ, धर्मोदय सभा बागलुङ, महिला बौद्ध संघ बागलुङ, युवा बौद्ध संघ बागलुङ र युवा बौद्ध संघ म्याग्दीको संयुक्त आयोजनामा एक दिने बौद्ध जागरण शिविर सम्पन्न भयो ।

ज्ञानोदय बुद्ध विहारका संरक्षक श्री लामलाल शाक्यद्वारा उद्घाटन गरिएको उक्त कार्यक्रममा नीलबहादुर केसीबाट स्वागत भाषण गर्नु भएको थियो । उद्घाटन कार्यक्रममा श्रवणलाल शाक्य, दिपंकर शाक्य, रत्न वज्राचार्य, हर्षमुनी शाक्य, दिपेन्द्र शाक्य तथा रामलाल शाक्यद्वारा मन्तव्य व्यक्त गर्नु भएको थियो । उद्घाटन कार्यक्रमको सभापतित्व ज्ञानोदय बुद्धविहारका अध्यक्ष इश्वर वज्राचार्य द्वारा गर्नुभएको थियो ।

प्रशिक्षण कार्यक्रममा बागलुङ, म्याग्दी, कुस्मा का गरी ६५ जना प्रशिक्षार्थीहरूले भागलिनु भएको थियो । प्रशिक्षणको क्रममा युवा बौद्ध समूह काठमाडौंका हर्षमुनी शाक्यबाट बुद्ध कालीन समाज र धर्म, विपेन्द्र महर्जन बाट बौद्ध शाहित्यको परिचय, त्रिरत्न मानन्धर बाट चतुआर्य सत्य तथा जनकसिं मानन्धरबाट जनगणमामा बौद्ध हरूको दायित्वको सम्वन्धमा बोल्नु भएको थियो ।

उक्त कार्यक्रमको शुरुमा महिला बौद्ध संघका पदाधिकारीहरूबाट बुद्ध पूजा भएको थियो र प्रशिक्षार्थीहरूलाई युवा बौद्धसमूहको तर्फबाट भिक्षु सुदर्शन महास्थवीरको सौजन्यबाट प्राप्त सचित्र बुद्ध जीवनी पुस्तक प्रदान गरिएको थियो ।

## आयु संस्कार परित्याग दिवस

२०५७ माघ २६ गते ।

यसदिन २५४५ औं आयु संस्कार परित्याग दिवस समारोह समितिको आयोजनामा शाक्यमुनि बुद्धको २५४५ औं आयुसंस्कार परित्याग दिवस तथा माघ पूर्णिमा महोत्सव श्रद्धापूर्वक मनाइएको समाचार छ ।

न्यूरोड पिपलबोटबाट ठूलो जनसमूह सहित बुद्धको प्रतिमा राखी विभिन्न बाजा गाजाका साथ आयोजना गरिएको उक्त नगर परिक्रमा र्‍यालीमा कुनै प्रकारको पाप कर्म नगर्नु, कुशल कर्म संचय गर्नु र आफ्नो चित्त शुद्ध गर्नु यही बुद्धको शिक्षा हो भन्ने मूल नाराका साथ जनसमूहले नगरका विभिन्न भाग परिक्रमा गरी पाको न्यूरोडमा कार्यक्रम विसर्जन गरिएको थियो ।

## भिक्षु चुन्द शास्त्रीको गुणानुस्मरण दिवस

२०५७ फागुण (१-३)। स्थान - बुटवल।

दिवंगत भिक्षु चुन्द शास्त्रीको पुण्य स्मृतिमा विभिन्न रचनात्मक कार्यक्रमहरू संचालन गरी वार्षिक गुणानुस्मरण दिवस मनाइएको समाचार छ।

भिक्षु चुन्द महास्थविरले वैद्य शास्त्रमा शास्त्री उपाधी प्राप्त गर्नुभई ४० वर्षसम्म बुटवलको पद्म चैत्य विहारमा स्थायी आवासीय रुपमा रहनु भई निशुल्क स्वास्थ्य उपचार सेवा पुऱ्याइरहनु भएको थियो। गत वर्ष उहाँको अकस्मात् हृदयघात रोगको कारणले दिवंगत भएको थियो। उहाँ दिवंगत हुनु भएको कारणले पद्म चैत्य विहारको लागि अपूरणिय क्षति महशूस गरिएको छ।

त्यसैले फागुण १ देखि ३ गते सम्म विभिन्न काईक्रमहरू संचालन गरी उहाँको पुण्य स्मृतिमा यसरी वार्षिक गुणानुस्मरण दिवस मनाइयो।

फागुण १ गते - ८० जवान रक्तदाताहरूबाट रक्तदान।

फागुण २ गते - काठमाडौंबाट आउनु भएका भिक्षु संघको तर्फबाट महापरित्राण पाठ सम्पन्न।

फागुण ३ गते - पद्म चैत्य विहारका संरक्षण समितिका अध्यक्ष श्री संघरत्न बज्राचार्यको सभापतित्त्वमा एक भव्य समारोह सम्पन्न।

उक्त समारोहका प्रमुख अतिथी भिक्षु अश्वघोष महास्थविरले रक्तदाताहरू र विहारलाई आवश्यक सहयोग पुऱ्याइरहनु भएका सहयोगी दाताहरूलाई स्मरणीय चिन्ह र प्रमाणपत्र प्रदान गर्नु भयो।

शील प्रार्थना र बुद्धपूजा पछि बौद्ध युवा ज्ञानमाला संघका अध्यक्ष र बुटवल नगरपालिकाका उपप्रमुख विमल वहादुर शाक्यले भिक्षु चुन्दको महान देन र पद्म चैत्य विहारको पुन: निर्माण विषयमा विस्तृत व्याख्या गर्नुभयो।

भिक्षु कोण्डञ्य र धम्मवती गुरुमाँले पद्म चैत्य विहार र भिक्षु चुन्द शास्त्रीको स्मरणिय देनहरू बारे चर्चा गर्नुभयो।

यसरी नै श्री शीलबहादुर बज्राचार्यले भिक्षुहरूको तर्फबाट बुद्ध धर्म कसरी प्रचार भइरहेका छन् भन्ने विषयमा चर्चा गर्नुभयो भने भिक्षु अश्वघोष महास्थविरले बुद्ध धर्मको प्रचार कार्यमा आचरण शुद्धिको ठूलो महत्त्व रहेको विषयमा प्रकाश पार्नुभयो।

अन्त्यमा सभापतीको आशनबाट बोल्नुहुँदै श्री संघरत्न बज्राचार्यले सबैको सहयोगले दिवंगत चुन्द भन्तेको गुणानुस्मरण दिवस भव्य रूपमा मनाउन सफल भएकोमा खुशी प्रकट गर्नुहुँदै समारोहमा उपस्थित सहभागीहरू लगायत सहयोगीसवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो। यसको साथै धर्मप्रचार कार्यमा भिक्षुहरूको सहयोग अत्यावश्यक भएको विषयमा पनि चर्चा गर्नुभयो।

फागुण २ गते राती बर्मी भिक्षुबाट र धम्मवतीगुरुबाट धर्म देशना भएको थियो।

### दिनाङ्क २०५७ माघ २७ गते

हिरण्यवर्ण महाविहार तारेमाम संघया अध्यक्ष श्री तिर्थराज शाक्यया भिम-रथारोहणया उपलक्षस वसपोलया परिवारपाखें तारेमाम संघया पुनर्गठीत कार्यकारीणी समितिया पदाधिकारी एवं सदस्य १९ म्ह व मानार्थ सदस्य ७ म्ह सहित जम्मा २६ म्ह महानुभावपिं तथा स्वयम्भु ज्ञानमाला भजन खल:यात थ:गु निवासे निमन्त्रणायाना लसकुस याना बिज्यात। नापनापं तारेमाम संघ व स्वयम्भु ज्ञानमाला भजन खलकं ज्ञानमाला भजन यासे वसपोल तिर्जराज शाक्ययात भिन्तुना तथा स्वयम्भु उपहार देछाया शुभ-कामना व्यक्तयाना बिज्यात।

### जनजाती महिला बौद्ध जागरण कार्यक्रम क्वचाल

२०५७ माघ १६। युवा बौद्ध समूह व नेपाल मगर महिला संघया संयुक्त आयोजनाय् कीर्तिपुरया श्री कीर्तिविहारे छन्हुया जनजाति महिला बौद्ध जागरण कार्यक्रम सम्पन्न जुल। उद्घाटन सत्र, प्रशिक्षण सत्र व समापन सत्र याना स्वंगू सत्रे सम्पन्न जुगु थुगु ज्याझ्व:या उद्घाटन नेपाल मगर महिला संघया अध्यक्ष वमकुमारी बुढामगर पाखें बुद्धमुर्ति न्ह्योने मतच्याका: यानादीगु ख:। भिक्षु सुदर्शनमहास्थवीर पाखें शील प्रार्थना याका: न्ह्याकाजिज्या:गु थुगु ज्याझ्वलय् युवा बौद्धसमूहया अध्यक्ष शान्तरत्न शाक्यं लसकूल न्वचु वियादीगु ख:।


Downloaded from http://www.dhamma.digital

प्रशिक्षणया इवलय् डा.केशवमान शाक्यपाखें जनगणना व बौद्धत, डा. भिक्षु सुगन्ध पाखें बुद्धजीवनि, हर्षमुनि शाक्य पाखें बुद्धकालीन समाज व धर्म व त्रिरत्न मानन्धर पाखें बुद्धधर्मया परिचयया बारे न्ववानादीगु खः ।

समापन सत्रे नेपालमगर संघया अध्यक्ष गोरेवहादुर खपाङ्गी, एम.एस.थापामगर, नेपाल मगर महिला संघया अध्यक्ष वमकुमारी बुढामगर, विपेन्द्र महर्जन व शान्तरत्न शाक्यं थःथःगु नुगःखं कनादीगु खः ।

डा. भिक्षु सुगन्ध पाखें २१ जिल्लाया १२१ प्रशिक्षार्थी पिन्त बुद्ध जीवनि सम्वन्धि सफूत उपहार स्वरूप प्रदान याना बिज्या:गु थुगु ज्याइ्वः युवा बौद्ध समूहया श्री तेजनारायण मानन्धर पाखें न्ह्याकादीगु खः ।

## दुर्लभ श्रामणेर प्रव्रज्या

२०५७ माघ १०-१६ तक ।

सिद्धि मंगल बुद्ध विहार यले दुर्लभ श्रामणेर प्रव्रज्याया ज्याइ्वः क्वचा:गु समाचार दु । श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरपाखें पञ्चशील प्रार्थना याका: बुद्ध पूजाया लिपा संचालन जूगु थुगु ज्याइ्वले दुर्लभ श्रामणेर जूपिं कुलपुत्रपिं थुकथं खः ।

प्रकाश महर्जन (श्रामणेर रेवत, राजेश महर्जन (श्रामणेर पुण्ण), विकाश महर्जन (श्रामणेर आनन्द), उमेश महर्जन (श्रामणेर विमल), विकिस महर्जन (श्रामणेर सुमन), जोन महर्जन (श्रामणेर सुख) आदि ।

श्रद्धेय भन्ते विमल कीर्ति शील शिक्षा वीगु लागी थुगु ज्याइ्वया न्हेन्हु यंकं च्वना: ज्याइ्वः पूवंका बिज्यात । अथेहे श्रद्धेय भिक्षु भद्दिय व श्रद्धेय भिक्षु संघरक्षित पाखें धर्म देशना नं जूगु खः ।

थुगु ज्याइ्वले उपासक रत्नलाल मानन्धर का.म.न.पा. डल्लु पाखें रु १२००।- चन्दा बियाः सहयोग यानादिलसा सिद्धि मंगल बुद्ध विहारया उपासक उपासिकापिनि पाखें नं सहयोग व दान प्रदान यानादीगु समाचार दु ।

## सुशीला गुरुमाँ मन्त

**नेपाले दकसिबे थकालिम सुशीला गुरुमाँ २०५७ फाल्गुण १० गते सुथे प्राणत्याग याना बिज्यागु समाचार दु ।**

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सूचं

DHARMAKIRTI

*थुगु गोष्ठीया वार्षिक भेला जुइगु जूगुलिं सकल दुजःपिसं इलय् हे नां दुतिनादीत इनाप याना ।*

**बार्षिक भेला जुइगु दिं : २०५७ चैत्र ४ गते शनिवाः**

**वार्षिक भेला जुइगु थाय् : जेतवन विहार, थानकोट**

**नां दुतिनेगु अन्तिम मिति : २०५७ फाल्गुण तक**

**नां दुतिनेगु थाय् : १) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया शनिवाःया कक्षा फोन : २५९४६६**

**२) अगम्य रत्न कंसाकारया पसः, असं, फोन : २३१२३०**

**३) अरूण सिद्धिया कापःपसः, भेडासिं, फोन : २४६२०८**

# आफ्नो चित्तलाई परिशुद्ध पार्नु नै कुशल धर्म हो ।

समयमै सदस्यहरूको उपस्थिति भयो । एकजना पुरानो सदस्यले प्रश्नको थालनी गरिहाल्यो- "अस्ति समयको अभावले गर्दा कुरो राम्ररी बुझ्नै पाएन । महायानको प्रतिस्पर्धाले गर्दा (हीनयान) थेरवादमा पनि भक्तिमार्गको हावा लाग्यो भनेको के होला ?

उत्तर थियो- "महायानीहरूले बुद्ध मूर्ति निर्माण गरेर पूजा विधिको प्रथा शुरु गरेदेखि धेरै मानिसहरू यस्तै पूजा कार्यमा मात्रै आकर्षित भए । किनभने पहिले पहिले देखि नै मानिसहरूले मूर्तिको अगाडि पूजा गर्नुलाई नै धर्म भनिन्छ भन्ने कुरामा विश्वास राख्दथे । आचरण राम्रो नभए पनि प्रार्थना गरेपनि धर्म कमाइन्छ र पाप कटिन्छ भन्ने विश्वास रहेको देखिन्छ । त्यसैले महायानीहरूले पूजामा लागी अपनाइएको भक्तिमार्गले धेरैजसो मानिसहरूलाई प्रभावित पारे । फलस्वरूप यता (हीनयानी) थेरवादीहरूमा भक्तजनहरूको आकर्षण घट्यो । किनभने थेरवादीहरूले धार्मिक बन्नका लागि आफ्नो चित्त शुद्ध गर्नुपर्छ र आचरण शुद्ध भएमा मात्र धार्मिक भइन्छ र दुःखबाट मुक्त हुन सकिन्छ भन्ने सिद्धान्तमा अडिग रहे । यसरी चित्त शुद्ध हुनु पर्छ भन्ने कुरा साधारण मानिसहरूले नबुझ्ने मात्र होइन उनीहरूलाई यो कुरो नपच्ने पनि भयो । धेरै जसो व्यक्तिहरू पूजा र प्रार्थना जस्ता भक्तिमार्गमा मात्रै लागेकोले यता थेरवादी भिक्षुहरूको जीविका चलाउन धौ धौ भयो । त्यसैले होला थेरवादीहरू पनि मूर्तिपूजा मा लाग्न थाले ।

अर्का एकजना नयाँसदस्यले सोध्न थाल्यो- "परपटि बद्धामे जीविकाति अभिण्हं पच्च वे क्खितब्बा" भन्ने यस गाथाको अर्थ के हो ?

आयोजकको तर्फबाट उत्तर आयो-

वास्तवमा यो वाक्य त भिक्षुहरूको लागि प्रयोग गरी भनिएको हो । यो वाक्य दशधम्म सूत्रमा उल्लेख गरिएको छ । यसको अर्थ यसरी छ- भिक्षुहरूले आफु अर्काको भरमा जीवन निर्वाह गर्नु पर्ने व्यक्ति हुँ भनी दिनहुँ सम्झि राख्नु पर्छ ।

यो सूत्र अनुसार त भिक्षुहरूले हामी गृहस्थी दाताहरूको अधिनमा बस्दैनौं" भन्ने गरेको कुरा अलि नमिल्ने जस्तो देखियो नि कसो ?

उत्तर - तपाईले अनुमान गर्नु भएको कुरो पनि मिलेन । किनभने दश धम्म सूत्रमा यसरी उल्लेख गरिए तापनि गौतम बुद्धले यस्तो पनि भन्नु भएको छ- "भिक्षु जीवन एक स्वतन्त्र जीवन बिताइरहेको पंक्षी समान हो । पंक्षीहरू जसरी कुनै पनि समय जहाँ पनि उठेर जान सक्छन्, त्यसरी नै भिक्षुहरू पनि एउटै मात्र विहारमा एउटै मात्र गृहस्थी दाताको अधिन र भरोसामा बसी टाँसिरहनु ठीक छैन ।"

बुद्धकालिन घटनाहरू अध्ययन गरेर लाने हो भने त्यसबेलाका उपासक उपासिकाहरू र आजभोलीका उपासक उपासिकाहरूको व्यवहारमा थुप्रै फरक आइसकेको देखिन्छ । किनभने बुद्धकालिन गृहस्थीहरूले भिक्षुहरूका लागि उनीहरूको तर्फबाट गर्नुपर्ने कर्त्तव्य पूरा गरी भिक्षुहरूलाई आफ्नो अधिनमा राख्न चाहँदैनन् । एकपटक अनाथ पिण्डिक महाजनले बुद्धलाई सधैं आफ्नो जेतवन विहारमा र घरमा भोजन गराई आफ्नो अधीनमा राख्न चाहेको बेला बुद्धले यस कुरोलाई अस्वीकार गर्दै भन्नु भयो- "भिक्षुहरू एउटै ठाउँमा मात्र बस्ने नियम छैन ।"



Downloaded from http://www.dhamma.digital

# सम्पादकीय

## दोश्रो बौद्ध सम्मेलन र लुम्बिनी विकास

लुम्बिनीमा गत माघ १९ र २० गते दुई दिने अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको छ । यसरी नै सन् १९९८ मा पनि लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध शिखर सम्मेलनको आयोजना गरिएको थियो । तर त्यसबेलाको सम्मेलन शिखर स्तरको हुन नसकेको मात्र होइन त्यस सम्मेलनमा लगानी गरिएको रकमको राम्रो सदुपयोग नभएको विषयमा जन गुनासो चलेको थियो । किनभने त्यसबेला राम्रो सुरक्षा व्यवस्था हुन सकेको थिएन रे । त्यसैले त्यसबेलाको सम्मेलन अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनस्तरको मात्र हुन पुग्यो रे । जे होस्, यसरी विभिन्न चर्चाहरू चलेपनि पहिलो बौद्ध सम्मेलन लुम्बिनीमा सरकारी स्तरमा सम्पन्न भएकोले राम्रो शुरुवाट नै मान्नु पर्छ । किनभने यस सम्मेलनले गर्दा लुम्बिनी विकास कार्यहरूमा भइरहेका ढीलासुस्तीहरूबारे चर्चा गर्ने मौका पायो । त्यति मात्र होइन लुम्बिनीलाई बुद्धको जन्मस्थलको रुपमा अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्ने मौका पायो ।

हालै सम्पन्न भएको बौद्ध सम्मेलनमा पहिलो सम्मेलनमा भन्दा पनि मितव्ययिता अपनाइएको देखियो । यसपाली लुम्बिनी विकासको तर्फबाट कार्यक्रमहरूको आयोजना गरिएको थियो भने पहिला सरकारी स्तरबाट कार्यक्रमको आयोजना गरिएको थियो । त्यसैले होला सन् १९९८ मा सम्पन्न भएको सम्मेलनमा सरकारी कर्मचारीहरूको प्रभुत्त्व जमेको देखिन्थ्यो भने हाल सम्पन्न भएको सम्मेलनमा बौद्ध महिला संघ र युवक बौद्ध संघ संस्थाका स्वयं सेवीका, सेवकहरूको सहयोग र सहभागिता रहेको देखियो । तर स्थानिय गाउँ र जिल्ला सभाका पदाधिकारीहरूलाई निमन्त्रणा नदिइएको गुनासो सुनिएको थियो ।

दोश्रो बौद्ध सम्मेलन संचालन गर्नको लागि श्री ५ को सरकारको तर्फबाट रु २५ लाख रकम अनुदान दिइएको कुरा सुनियो जुन सम्मेलनमा एक दर्जन भन्दा बढि राष्ट्रका प्रतिनिधीहरूले भाग लिएका थिए । पहिलो दिन खुल्ला रूपमा बनाइउको मंचमा प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाले सम्मेलन समुद्घाटन गर्नु भएको थियो । महाबोधी सोसाइटीद्वारा निर्मित नयाँ सभा भवनमा सम्मेलनको बन्द सेसन सम्पन्न भएको थियो । उक्त सम्मेलनमा भाग लिनुभएका म्यानमारका राजदूत, श्रीलंका र थाइलैण्डका कौन्सलरहरूले आ-आफ्ना मन्तव्यहरू खुलस्त रुपमा व्यक्त गर्ने मौका नपाएको गुनासो पनि सुन्नमा आएको थियो । चर्चा छ । विदेशी राष्ट्रहरूले बनाएका विहार र मन्दिरहरूको

*(बाँकी कभर अन्तिम पेजमा)*

लागि उपलब्ध भएका जग्गाका लागि तिर्नु पर्ने वार्षिक शुल्कको दर पहिला भन्दा दोब्बर, तेब्बर नै बढाइएको हुँदा उनीहरू ज्यादै असन्तुष्ट छन्। त्यति मात्र होइन नेपालक सरकारको तर्फबाट सम्पन्न गरिनुपर्ने सडक मर्मत, ढल निर्माण, पानीको व्यवस्था आदि आवश्यक क्षेत्रहरूमा केही प्रगति गर्न सकिरहेको छैन । यी गुनासोहरू पोख्नका लागि तत्पर भइरहेका व्यक्तिहरूलाई उपयुक्त, मौका नदिइएको गुनासो सुन्न परेको थियो।

फेरि अर्को तर्फबाट यसरी गुनासो पोखिरहेको थियो–

लुम्बिनी विकास कोषको काम विदेशी दाताहरूसंग सम्झौता गर्नुमा मात्र सिमित रही अन्य कार्यहरूमा यसले राम्रो ध्यान पुऱ्याउन सकिरहेको छैन। जबकि सरकारले यसलाई झण्डै डेढ करोड जति अनुदान प्रदान गरिरहेको छ । त्यति मात्र कहाँ हो र ? मायादेवी दान पात्रबाट बार्षिक लाखौंको आम्दानी हुनेगर्छ । खर घाँस बेचेर मात्र लाखौ.को आम्दानी हुने गर्छ । अझ बिदेशी विहारदाताहरूको तर्फबाट वार्षिक हजारौं यू. एस. डलर आम्दानी हुनेगर्छ। यतिका आम्दानी हुँदा हुँदै पनि लुम्बिनी विकासको विकासकार्यमा राम्रो प्रगति हुन सकिरहेको चाहिं देखिंदैन। केवल समितिका कर्मचारी भर्ती र कर्मचारीहरूलाई मात्र यातायात सुविधा पुऱ्याइरहेको देखिन्छ । कहिले काहिं लुम्बिनी विकास कोषको तर्फबाट गोष्ठी, भेटघाट कार्यक्रम लागि भने मनग्य भत्ता र चियापान खर्च भने हुने गरेको देखिन्छ । तर विदेशी दाताहरूले पाउनु पर्ने सुविधा पाउनु त कता ! कता ! झन वार्षिक शुल्क मात्र बढाएर उनीहरूलाई हतोत्साही बनाइँदै छन्। त्यसैले होला उनीहरू भन्ने गर्छन्– "हामीलाई लुम्बिनी छोडेर जाउ भनेको हो कि ?"

यही सिलसिलामा भियतनामी भिक्षु डा. लाम भन्नुहुन्छ– "लुम्बिनी बुद्धको जन्मस्थल हो । त्यसैले हामी विदेशी बौद्धहरूले लुम्बिनी विकासको लागि आफ्नो देशबाट करोडौं रकम ल्याएर निर्माण कार्यमा खर्च गरिरहेका छौं । यसलाई हामीले फेरि आफ्नो देशमा बोकेर लाने छैनौं। यो त नेपालको आफ्नै सम्पत्तिको रुपमा सुरक्षित रहने भएकोले यसलाई नेपालकै विकास ठान्नु पर्ने हो । तर किन हामीलाई आवश्यक सुविधा दिनको लागि नेपालका सरकारी अधिकारीहरूले बेकारको कंजुस्याएँ गर्दैछन् ? बुझ्नै सकिरहेको छैन।"

अर्को तर्फबाट फेरि यस्तो चर्चा चलिरहेको छ– "लुम्बिनी विकासको गुरु योजना पूरा हुने लक्षण देखिंदैन । किनभने जापानी बुद्धिष्ट फेडरेशन मायादेवी मन्दिर बनाउन तयार भएको एक दशक भइसकेको छ। तर अहिले सम्म पनि मायादेवी मन्दिर बनाउने योजना त सिर्फ योजनाको रुपमा मात्र ठन्किएर रहेको छ। हाल सम्म पनि मायादेवीलाई अनाथ पारी सत्तलमा राखिएको छ। खै ! प्रधानमन्त्रीज्यूले गर्नु भएको शिलान्यास कहिले पलाउने हो ? आशै आशमा मात्र भुलाइने भयो।"

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २२९०३२, २२२४५०, फ्याक्स : (९७७-१) २२७७८
Downloaded from http://www.dhamma.digital